# कमल बुलेटिन

वर्ष : ३ अङ्क : १ मंसिर-२०७७


















## कोरोना विशेषाङ्क













१. प्रदेश १ सरकारको तर्फबाट कमल गाउँपालिकालाई प्रदान गरिएका दमकल तथा प्रहरी भ्यानको साँचो अध्यक्ष मेनुका काफ्लेलाई हस्तान्तरण गर्दै मुख्यमन्त्री शेरधन राई।

२.-३. कमल गा.पा. लाई प्राप्त सवारी साधनका साथमा आन्तरिक मामिला तथा कानुन मन्त्री हिक्मत कार्की, अध्यक्ष काफ्ले तथा प्रमुख प्रशासकीय अधिकृत सुवास श्रेष्ठ।

४. कमल गा.पा. लाई प्राप्त सवारी साधनका साथमा अध्यक्ष काफ्ले, उपाध्यक्ष वेनुप्रसाद शिवाकोटी, प्रमुख प्रशासकीय अधिकृत श्रेष्ठ तथा प्रहरी अधिकारी।

**नोटः कमल गा.पा. दमकल फोन नं. ०२३-४७५१०१**




कमल गा.पा. कार्यालय परिसरमा संघीय सरकार मार्फत बन्न लागेको १५ शैयाको अस्पताल प्रदेश १ का आन्तरिक मामिला तथा कानुन मन्त्री हिक्मत कार्कीबाट शिलान्यास समारोह ।



अपाङ्गता भएकाहरुलाई सहायता सामग्री प्रदान पछि ।



वडा नं. ७ मा निर्माणको अन्तिम चरणमा रहेको आयुर्वेदिक औषधालय (अस्पताल) ।



# कोरोना भाइरस रोग (कोभिड-१९)

हाल विश्वभरी फैलिरहेको कोरोना भाइरसको संक्रमणबाट लागेको रोगलाई विश्व स्वास्थ्य संगठनले कोभिड १९ को नाम दिएको छ र यसलाई विश्वव्यापी महामारीको रुपमा घोषणा गरिसकिएको छ। कोरोना भाइरस श्वाश प्रश्वाशको माध्यमबाट सर्ने रोग हो । यो संक्रमित व्यक्तिले खोक्दा वा हाछ्युँ गर्दा नाक वा मुखबाट निस्कने छिट्टाको माध्यमबाट एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्दछ ।

## कोरोना भाइरस रोगको मुख्य लक्षणहरू



ज्वरो आउने



खोकी लाग्ने



श्वाश फेर्न गाह्रो हुने

**यस्ता लक्षणहरू देखा परेमा नजिकको तोकिएको स्वास्थ्य केन्द्रमा सम्पर्क गर्ने । यस रोगको संक्रमणको जोखिमबाट बच्नको लागि निम्न उपायहरू अपनाउनुपर्छ ।**



ज्वरो र खोकी लागेको व्यक्तिबाट टाढा रहने वा आफूलाई ज्वरो र खोकी लागेको छ भने पनि अरू व्यक्तिबाट टाढा रहने र मास्कको प्रयोग गर्ने



खोक्दा हाछ्युँ गर्दा नाक मुख टिस्यू पेपर वा कुहिनाले छोप्ने र प्रयोग गरेको टिस्यू पेपरलाई बिर्का भएको फोहर फाल्ने भाँडोमा फाल्ने र साबुन पानीले मिचिमिचि हात धुने वा अल्कोहल भएको स्यानिटाइजर प्रयोग गर्ने



भिडभाडमा नजाने र अरूलाई पनि नजान सुझाव दिने, हात मिलाउनुको सट्टा नमस्कार गर्ने



साबुन पानीले कम्तिमा २० सेकेन्ड मिचिमिचि हात धुने वा अल्कोहल भएको स्यानिटाइजर प्रयोग गर्ने




कोरोना प्रभावित देशबाट आएका व्यक्तिहरुमा माथिका लक्षणहरु देखिए स्वास्थ्य केन्द्रमा तुरुन्त जानुपर्दछ । घरैमा बस्दा परिवारका सदस्यहरुबाट १४ दिन सम्म छुट्टै आईसोलेसनमा बस्नु पर्दछ ।



# कमल बुलेटिन

वर्ष : ३ अङ्क : १ मंसिर २०७७

**प्रकाशकः**
कमल गाउँपालिकाको कार्यालय
कमल, झापा

**संरक्षक**
मेनुका काफ्ले
अध्यक्ष, कमल गाउँपालिका, झापा

**सल्लाहकार**
बेनुप्रसाद शिवाकोटी
उपाध्यक्ष, कमल गाउँपालिका, झापा
सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत
कमल गाउँपालिका, झापा

**सम्पादक**
गोपाल झापाली
उमानाथ भण्डारी

**व्यवस्थापन**
विजय तिम्सिना
सुचना अधिकारी
कलम गाउँपालिका झापा

**कम्प्युटर**
तुलसीराम सापकोटा

**सहकार्य**
मदानी मिडिया, झापा

**मुद्रण**
पाथीभरा अफसेट प्रेस
दमक-५, झापा, फोन ०२३-५८१५३३

## यस भित्र

- सम्पादकीय
- कमलले शुरू गऱ्यो कोविड अस्पताल
- छात्रवृति प्रदान
- नि:शुल्क पुस्तक वितरण
- मृतकका परिवारलाई राहत
- केर्खा बजारमा सीसी क्यामरा
- लैंगिक हिंसा विरूद्धको १६ दिने अभियान : यसको सन्दर्भ र महत्व
- किसानलाई आलुमा अनुदान
- आगलागी पिडीतलाई सहयोग
- कोरोनालाई परास्त गर्दै विकास निर्माण तर्फ जुटेका छौं (मेनुका काफ्ले)
- अधिकतम अपेक्षा पूरा गर्ने तर्फ केन्द्रित छौं (बेनुप्रसाद शिवाको)
- नीति, कार्यक्रम तथा बजेट पुस्तिका सार्वजनिक
- स्थानीय तहबाट नागरिकको अपेक्षा (सुवास श्रेष्ठ)
- कोभिड १९ बाट बच्न घरको सरसफाई कसरी गर्ने ?
- कोरोना भाईरस भ्रम र यथार्थ

**लगायत**

## सम्पादकीय

# महामारी विरूद्ध सवै जुटौं

विश्वव्यापी रूपमा फैलिएको कोरोना भाईरसको महामारीले संसारलाई त्रसित बनाई रहेको छ । लामो समय सम्म विश्वका धेरै देशले बन्दाबन्दीको सामना गरे । हाम्रो देशमा पनि यसको अभ्यास गरियो । गत चैत ११ गते देखि संघीय सरकारले देशै भरि एकै पटक बन्दाबन्दी घोषणा गऱ्यो । लामो समय पछि त्यसलाई क्रमिक रूपमा खुकुलो पारियो । तर पनि महामारी नरोकिए पछि स्थानीय सरकारको तर्फबाट पनि केहि समय तथा आंशिक बन्दाबन्दी गर्नु पर्ने अवस्था बन्यो । कमल गाउँपालिका पनि यो महामारीबाट टाढा रहन सकेन । महामारी फैलिन नदिन विभिन्न उपाय र अभ्यास गर्दा गर्दै पनि समुदायमा महामारी देखिए पछि क्वारेन्टाईन निर्माण, जनचेतना अभिवृद्धी, स्वाव परीक्षण लगायतका कार्य गरिदै आईएको छ । संक्रमण नियन्त्रण मात्र होईन संक्रमण भई सके पछिको उपचार व्यवस्था सहज बनाउन पनि कमल गाउँपालिकाले अग्रणी भुमिका निर्वाह गरेको छ । संक्रमितहरूको प्रारम्भिक उपचार र हेरचाह गर्न सकियोस भनेर गाउँपालिकालेनै अस्थाई कोभिड अस्पताल समेत सञ्चालनमा ल्याईएको छ । यसबाट कमलबासीमात्र नभई नजिकका अन्य क्षेत्रका बासिन्दालाई पनि यसबाट लाभ पुग्ने विश्वास लिईएको छ । जनस्वास्थ्य प्रतिको जिम्मेवारीलाई स्थानीय सरकारले पहिलो प्राथमिकतामा राखेर काम गर्दै आएको छ ।

कोरोना भाईरसको महामारी नियन्त्रण गर्नु त छँदैछ । तर हामीले नियमित विकास निर्माण, पूर्वाधार विकास, सामाजिक विकास, सेवा प्रवाह र सरलीकरणलाई पनि छुटाउनै हुँदैन । त्यसैले कमल गाउँपालिका महामारी नियन्त्रणसँगै नियमित विकासलाई पनि एकसाथ अघि बढाई रहेको छ । यस कार्यमा गाउँपालिकाको प्रयास मात्र पर्याप्त छैन । प्रदेश र संघीय सरकारबाट पनि विभिन्न योजना तथा कार्यक्रम कार्यान्वयनमा सहकार्य हुँदै आएको छ । सवै भन्दा ठुलो भुमिका त स्थानीयबासीको रहन्छ । हाल सम्म पनि कमलबासीबाट विकासका लागि असाध्यै सहयोग र समन्वय हुँदै आएको छ । विकासप्रेमी कमलबासीबाट गाउँपालिकाले यो अपेक्षा पनि गरेको छ ।

अहिले हामीसवै कोभिड १९ कोरोना भाईरसको महामारी विरूद्ध जुट्ने बेला आएको छ । त्यसैले यसलाई साझा दायित्व सम्झिएर एकतावद्ध हुन जरूरी छ । महामारीबाट बच्न सवै प्रकारका स्वास्थ्य मापदण्ड पालना गर्न र गराउन पनि सम्पूर्ण गाउँबासीबाट सहयोग र सहकार्यको अपेक्षा गरिएको । यो महामारीलाई परास्त गर्न हामी सवै एकढिक्का बनौं अनि त्यस पछि हामीसवैलाई आर्थिक समृद्धीको दिशा तर्फ अघि बढ्न पनि मार्गप्रशस्त हुने विश्वास गरेका छौं ।

# 'कोरोनालाई परास्त गर्दै विकास निर्माण तर्फ जुटेका छौं'




**मेनुका काफ्ले**
**अध्यक्ष, कमल गाउँपालिका**

मेनुका काफ्ले प्रदेश १ मा स्थानीय सरकारको नेतृत्व गर्ने एकमात्र महिला हुनुहुन्छ। गणतन्त्र प्राप्तिको आन्दोलनमा भुमिगत जीवन समेत व्यतित गर्नु भएकी काफ्ले झापाको कमल गाउँपालिकाको अध्यक्ष हुनुहुन्छ भने गाउँपालिका महासंघको उपाध्यक्ष समेत रहनु भएको छ।
संघीयता कार्यान्वयनका क्रममा पहिलो पटक भएको स्थानीय तहको निर्वाचन पश्चात कार्यसम्पादन गरिरहँदा कमल गाउँपालिकाका कसरी काम भई रहेको छ त ? प्रस्तुत् छ, यि लगायत समसामयीक विषयमा अध्यक्ष काफ्लेसँग गरिएको कुराकानी

**आफुले गाँउपालिकाको नेतृत्व गरिरहदा तीन बर्षका उपलब्धि के भए ?**

जनताले आफ्नै घरदैलोबाट सेवा सुविधा लिन पाउन थालेकाछन्। केन्द्र र जिल्लाबाट लिनु पर्ने कतिपय सेवा सुविधा तल स्थानीय तह बाटै प्रदान हुन थाल्यो। स्वास्थ्य सेवा वाड/वाड बाट लिन सकुन भनेर आधारभूत स्वास्थ चौकीहरु स्थापना भए। कृषि, भुमि लगायतका प्राविधिक सेवा गाउँपालिकाबाटै प्रदान हुन थाल्यो। प्राविधिकहरु किसानका खेतमा पुगेर सहयोग गर्न थाले। स्थानीय तहमा २ वटा प्राविधिक धारका शिक्षण संस्था स्थापना भएर दक्ष प्राविधिक जनशक्ति उत्पादन हुन् थाले। मावि विद्यालयलाई १/१ जना शिक्षकको व्यवस्था गा.पा.को तर्फबाट भएको छ। विद्यालयमा भौतिक तर्फ अभाव हुन नदिन बजेट विनियोजन गरि सुधारको प्रयास गरिएको छ।

**कृषिमा प्राथमिकता दिने भनेर घोषणा पत्रमा तथा नीति तथा कार्यक्रमहरुमा धेरै उल्लेख छ, के गर्नु भयो ?**

कृषिलाई आधुनिकीकरण तर्फ लिएर जाने उदेश्यले साना तथा मझौला उपकरण कृषि समूह तथा कृषकहरुलाई प्रदान गरियो विषादी मुक्त गाउँपालिका बनाउने प्रयास स्वरूप प्रांगारिक मल उत्पादनका लागि गाउँपालिका बाट समूह र अगुवा कृषकलाइ तालिम तथा आर्थिक सहयोग प्रदान गरियो। शिक्षा तर्फ सामुदायिक विद्यालयहरुमा अंग्रेजी माध्यममा पठनपाठनको सुरुवात गरियो। हामीले नयाँ कृषि व्यवसाय गर्नका लागि बिउ पुजीको रुपमा बिना धितो र बिना ब्याज किसानलाई आर्थिक लगानी गर्न पनि शुरु गरेकाछौ।

**जन अपेक्षा अनुसार काम गर्न सकेजस्तो लाग्छ कि लाग्दैन ?**

जनताका चाहाना असिमिति छन । थोरै बजेटको परिधि भित्र रहेर काम गर्नु पर्दा पूरा नभएको हुन् सक्छ तर बस्ती भेलाबाट र वाडाका मागका आधारमा नै काम भई रहेको छ। स्थानीय सरकारलाई सबै अधिकार भनिएपनि सबै अधिकार प्राप्त भएको छैन। सिमित बजेटभित्र रहेर तोकिएका काम गर्नु पर्ने अवस्था पनि रहेको छ। यसले अपेक्षा अनुसार काम नभएको पनि हुन सक्छ। यसको अर्थ यो होइन की केहि गर्न सकिएन। हामीले सिमित श्रोत र साधन भएपनि अधिकतम काम गरेका छौ।

**विकास निर्माणको हिसावले यो तीन बर्षलाई कसरी हेर्नुहुन्छ ?**

मैले आफुले भन्नुपर्दा कृषि शिक्षा स्वास्थ्य पूर्वाधार निर्माणमा केहि परिवर्तन भएको महसुश गरेको छु। विगतमा अधुरा रहेका योजनाहरु अधिकाँश सम्पन्न भएका छन। सबै वाडमा बजेट बाँडफाड गर्दा भूगोल जनसंख्या विपन्नता राजश्व संकलनको अवस्थालाई आधार बनाईएको छ। बाटोघाटोहरु ग्राभेल भएका छन्। अहिले मुख्य सडकहरु तथा बढि महत्वका सडकहरु ग्राभेल भएकाछन्। सार्वजनिक महत्वका भवनहरु बनेकाछन्। वार्ड कार्यालयका भवनहरु बनेर आफ्नै भवनमा काम पनि शुरु भएको छ। यति हुँदा हुँदै पनि जन अपेक्षा अनुरुप विकासका कामलाई अघि बढाउन सकिएको छैन। भन्नैपर्छ सिमित श्रोत र साधन अनुसार विकास निर्माणमा उल्लेख्य उपलब्धि भएको छ।

बाँकी पृष्ठ ३१ मा

# 'अधिकतम अपेक्षा पूरा गर्ने तर्फ केन्द्रित छौं'

वेनुप्रसाद शिवाकोटी
उपाध्यक्ष, कमल गाउँपालिका



स्थानीय तहको निर्वाचन पश्चात जनप्रतिनिधिहरुले कार्यभार सम्हाल्दै गर्दा नागरिकका आकांक्षा र अपेक्षा उच्च थिए। लामो समय सम्म स्थानीय निकाय जनप्रतिनिधि बिहिन भए र त्यस पश्चात स्थानीय निकाय नभई स्थानीय सरकारको रुपमा स्थानीय तह सञ्चालनमा आए। यसले नागरिकलाई आफ्नै गाउँ-नगरमानै सरकारको महसुस पनि गराएको छ। पहिलो पटक स्थानीय तहको निर्वाचन पश्चात आधा भन्दा बढि कार्यकाल वित्दै गर्दा कमल गाउँपालिकामा कसरी कार्य सम्पादन हुँदै आएको छ र अबको योजना के के छन् त ? प्रस्तुत् छ, यिनै बिषयमा केन्द्रित रहेर गाउँपालिका उपाध्यक्ष बेनुप्रसाद शिवाकोटीसँग गरिएको कुराकानी :

**तपाईहरुको कार्यकालको आधा भन्दा बढि समय वितेको छ। यस अवधीलाई कसरी मुल्याङ्कन गर्नु हुन्छ ?**
मुल्याङ्कन भन्ने कुरा त हामीले भन्दा कमलबासीहरुले गरि रहनु भएकै छ। तर हामी आँफैले भन्नु पर्दा नागरिकका अधिकतम अपेक्षा पूरा गर्न तर्फ हामी केन्द्रित छौं। यो कुरालाई हाम्रा नीति, कार्यक्रम, बजेट तथा त्यसको कार्यान्वयन पक्षले पनि पुष्टि गरि रहेको छ। यस गाउँपालिकामा कृषि तथा पशुपालनको आधुनिकीकरण तथा व्यवसायीकरण, शिक्षा क्षेत्रको गुणस्तर सुधार, साना-मध्यम र ठुला पूर्वाधारका योजना, सेवा प्रवाहमा सरलीकरण जस्ता कुराहरुमा धेरै परिवर्तन भई सकेको छ। हाम्रो क्षमता भन्दा ठुला योजनाहरुमा संघीय सरकारको श्रोत साधन मार्फत पनि विभिन्न कार्यक्रमहरु अघि बढेका छन्। पर्यटन क्षेत्रको प्रवर्द्धनका लागि योजनाबद्ध काम भई रहेको छ। साधुहोली, बाल्मिकी आश्रम, कमल पोखरी जस्ता स्थानमा संघीय सरकारको समेत ध्यान पुगेको छ। यि स्थानहरु केहि समयमानै आकर्षक पर्यटकीय क्षेत्रको रुपमा स्थापित हुने छन्। यसबाट हाम्रो आर्थिक विकासमा पनि महत्वपूर्ण योगदान पुग्ने निश्चित छ।
यस्तै शिक्षा क्षेत्रमा अनुदान, प्रोत्साहन, छात्रवृति जस्ता कार्यक्रम निरन्तर सञ्चालित छन्। विद्यालयका भवन निर्माणका लागि संघीय सरकार मार्फत समेत श्रोत साधन जुटाएर काम भई रहेको छ। कृषि र पशुपालन तर्फ वृहत कार्यक्रमहरु चलि रहेकै छन्। पूर्वाधार निर्माण तर्फ सानातिना कलभर्ट, ग्राभेल जस्ता योजना मात्र हाईन स्तरीय कालोपत्रेका काम समेत धमाधम भई रहेको छ। यि योजनामा संघीय सरकारको साथ छ। प्रदेश सरकारसँग पनि समन्वय गरेर विभिन्न योजना सञ्चालनमा छन्। त्यसैले समग्रमा भन्नु पर्दा चुनावको बेला जसरी सिंहदरवारको अधिकार गाउँ गाउँमा आउँदैछ भनिएको थियो। त्यो कुरा महसुस पनि भई रहेको छ भन्ने लाग्छ।

**तपाईहरुले चुनावका बेला घोषणा पत्र र भाषण मार्फत दिएका आश्वासन कतिको पूरा भए भन्ने लाग्छ ?**
घोषणा पत्रको कुरा गर्दा त अहिले पनि ति दस्तावेज सुरक्षित छन्। तपाई आँफैले पनि हेर्न सक्नु हुन्छ। हामीले ति कुरा भुलेका छैनौं। सेवाप्रवाहलाई सरल बनाउन वडा वडामै कार्यालयहरु सञ्चालन भई रहेका छन्। आफ्नै भवन पनि बनि रहेका छन्। खानेपानी विस्तारका लागि वृहत वृहत योजनाहरु अघि बढेका छन्। नदी कटान नियन्त्रणका लागि धमाधम काम भई रहेको छ। कतिपय हाम्रो श्रोतसाधनमा हुन नसक्ने कामका लागि संघीय सरकार मार्फत पनि काम भई रहेका छन्। आधारभुत स्वास्थ्य सेवा उपलव्ध गराउन स्वास्थ्य सेवा प्रदायक कार्यालयहरु स्थापना भएका छन्। समग्रतामा भन्नु पर्दा नागरिकको साथ सहयोग, कर्मचारीहरुको क्रियाशिलता, जनप्रतिनिधीहरुको अगुवाई अनि प्रदेश र संघीय सरकारको समेत समन्वयमा अधिक से अधिक काम भएका छन्। र, घोषणा पत्र र चुनावी भाषणका कुरा मात्र होईन त्यहाँ उल्लेख नगरिएका वृहत योजनाहरु पनि यहाँ ल्याउन हामी सफल भएका छौं। जस्तो कि, पूर्वपश्चिम राजमार्गलाई छुने गरि उत्तर र दक्षिण तर्फ स्तरीय कालोपत्रेका कामहरु भई रहेका छन्। हाम्रै गाउँपालिकामा प्रदेश स्तरीय आयुर्वेदीक औषधालय निर्माणको अन्तिम चरणमा छ। भर्खरै मात्र गाउँपालिका कार्यालय परिसरमानै १५ बेडको अस्पताल बन्न शुरु भएको छ। त्यस अघिनै हामीले कोभिड अस्थाई अस्पताल पनि सञ्चालन गरेका थियौं। कोभिडकै कुरा गर्दा हाम्रा गाउँबासी दाजुभाइ दिदीबहिनीहरुलाई सहज उपचारका लागि भनेर दमकको आम्दा अस्पतालमा यहाँका सांसद तथा सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीको पूर्वाधार विकास कार्यक्रम मार्फत केहि श्रोत उपलव्ध गराईएको छ। अर्को मुख्य कुरा त हाम्रै गाउँपालिकाको वडा नं. ७ लाई समेटेर नेपाल चीन मैत्री औद्योगीक पार्क निर्माणको प्रकृया अघि बढेको छ। प्रदेश सरकार मार्फत एम्बुलेन्स, दमकल जस्ता अत्यावश्यकीय सवारी साधन ल्याईएको छ। यसरी हामीले आफ्नो श्रोत साधनले नभ्याउने कतिपय योजनाहरुमा पनि संघ र प्रदेशको साथ तथा हाम्रो पहलमा धेरै कामहरु गरिएका छन्। तथापि, यि पर्याप्त छैनन्। तर जति काम भएका छन्, कमलबासी दाजुभाइ दिदीबहिनीहरुले औंला उठाउने अवस्था पक्का छैन होला भन्ने लाग्छ।

बाँकी पृष्ठ ३३ मा

# स्थानीय तहबाट नागरिकको अपेक्षा

सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत
कमल गाउँपालिका



नेपालको संविधान-२०७२ को धारा ५६ मा व्यवस्था भएअनुसार संघीय लोकतान्त्रिक गणतान्त्रिक नेपालको मुख्य संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था छ भने राज्य शक्तिको प्रयोग भने संविधानअनुसार तत् स्थानीय सरकारले संविधान र कानुनबमोजिम गर्ने व्यवस्था छ।

सोहीअनुसार स्थानीय सरकारको रूपमा गाउँपालिका, नगरपालिका, उप महानगरपालिका र महानगरपालिकाहरूले कानुनतः समान अधिकारको प्रयोग गरिरहेका छन्। हाल नेपालमा ४ सय ६० गाउँपालिका, २ सय ७६ नगरपालिका, ११ उपमहानगरपालिका र ६ महानगरपालिका गरी ७ सय ५३ स्थानीय तहहरू रहेका छन्।

लोकतन्त्रको सबै लाभलाई समन्यायिक रूपमा उपयोग गर्न शासन प्रणालीमा समावेशिता एवं समानुपातिक प्रणाली अवलम्बन गरी नागरिकलाई आफूले चुनेको प्रतिनिधिले शासन गरेमा आफैं शासनमा सहभागी भएको अनुभूति दिलाउने उद्देश्यले स्थानीय तहको व्यवस्था भएको छ। यसबाट सबै नागरिकले नजिकको सरकारबाट उत्तरदायीपूर्ण रूपमा सहज, सरल, छिटो, छरितो, कम लागतमा बिना झन्झट सेवा प्राप्त गर्नेछन् र विकासमा स्थानीय नागरिकको प्रत्यक्ष सहभागिता, अपनत्व ग्रहण र दिगो विकास हासिल गर्न सहयोग पुग्नेछ भन्ने विश्वास राखिएको पाइन्छ।

**व्यावहारिक समस्या :**

संविधानको अनुसूचीमा उल्लिखित एकल अधिकारको विषयमा नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भएको कार्य विस्तृतीकरणका आधारमा आफ्ना अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय कार्यपालिका र सभाबाट स्थानीय कानुन बनाउन सक्ने व्यवस्था भएबाट स्थानीय तहमा कानुन निर्माणका विषयहरूमा खासै समस्या छैन तर संघीय सरकारबाट निर्माण हुने कर्मचारी सञ्चालन कानुन नबन्दा अनेकन समस्या छन् जसले समष्टि स्थानीय तहको परिचालनमा प्रत्यक्ष एवं अप्रत्यक्ष रूपमा गिजोलेको छ। त्यस्तै, केन्द्र सरकारबाट अनुसूची ८ मा उल्लेख भएको अधिकारका विषयहरूमा अझै पनि पूर्ण अधिकार प्राप्त नभएको अवस्था देखिन्छ, जुन बिस्तारै पूरा होला तर व्यावहारिक प्रयोगका समस्या र निर्णय कार्यान्वयन र समन्वयमा अनेकन समस्याहरू रहेका छन् । ती समस्याहरूलाई सहज रूपमा समाधान गर्नु नै स्थानीय सरकारको मुख्य चुनौती देखिन्छ । स्थानीय तहमा मुख्य समस्याको रूपमा रहेको कर्मचारी व्यवस्थापनको पाटो कर्मचारी समायोजन र लोकसेवा आयोगबाट केही मात्रामा पदपूर्ति भएसँगै समस्या अलि कम भए तापनि अझै पनि झन्डै १६ हजार जति कर्मचारी रिक्त नै देखिन्छ। त्यस्तै गरी विशेष प्रदेश २ का अधिकांश स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत खटिन नसक्दा त्यहाँका स्थानीय तहहरू निमित्तको भरमा सञ्चालन हुनुपरेको छ, जसको प्रत्यक्ष असर उत्तरदायित्व प्रवर्द्धन, नीति कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयनमा ठूलो समस्या देखिन्छ।

कतिपय स्थानीय तहले हालसम्म सभासमेत गर्न सकेका छैनन् । त्यस्तै, स्थानीय तहको सेवा सञ्चालन गर्ने कानुनको अभाव हुँदा कर्मचारीको वृत्ति विकासको सुनिश्चितता हुन सकेन जसले गर्दा कर्मचारीको मनोबल र उत्प्रेरणा वृद्धि नहुँदा सेवा प्रवाहमा प्रत्यक्ष अप्रत्यक्ष असर परेको छ । स्थानीय तहमा रहेका कर्मचारीको क्षमता विकास, सरुवा, सेवासुविधा वितरणलगायतका कार्यसमेत सोही कारण प्रभावकारी हुन सकेको छैन । कुन निकायले सेवाकालीन तालिम दिने हो सो नै हालसम्म प्रस्ट छैन।

स्थानीय तहको अर्को समस्या योजना तर्जुमा र बजेट निर्माण कार्य हो । एउटै कर्मचारी बजेट कार्यान्वयनमा निरन्तर खटिनुपर्ने अनि उसैले प्रत्यक्ष रूपमा बजेट निर्माणमा समेत लाग्नुपर्ने भएबाट प्रत्येक वर्ष बजेट निर्माण कार्य हतार हतारमा निर्माण भएको छ । स्थानीय तहले आफैले संकलन गर्ने स्रोतको सीमितता दरबन्दी सिर्जना गर्न कठिनाइ लगायतका कारण कर्मचारी संख्या थप गर्न नसक्दा प्रत्येक वर्ष बजेट निर्माण प्रक्रिया पुरानै ढर्रामा सीमित देखिन्छ । त्यस्तै कानुन निर्माण प्रक्रिया पनि वस्तुपरक हुन सकेको छैन । नमुना कानुनकै भरमा कानुनहरू बन्ने गरेका छन।

बाँकी पृष्ठ ३५ मा







## चौमासिक समिक्षा सम्पन्न

कमल गाउँपालिकाको प्रथम चौमासिक प्रगति समिक्षा सम्पन्न भएको छ। समिक्षा बैठकमा सबै विषयगत शाखाले आ आफ्नो प्रगती प्रस्तुत गरेका थिए। कार्यक्रममा स्विकृत बजेट बाट गरिएका कामको प्रगति मुल्याङ्कनका साथै समिक्षा गरिएको थियो। सबै शाखाबाट कोभिड १९ को विषम परिस्थितमा पनि उपलब्धिमुलक काम भएको र बाँकि रहेका योजना हरु समयमै पूराहुने विश्वस लिएको जनाईएको छ ।









सत्रौं राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविका दिवसको अवसरमा आयोजित कार्यक्रमका झलकहरु

# कमलले शुरु गर्‍यो कोविड अस्पताल




- **झापाको कमल गाउँपालिकाले अस्थाई कोविड अस्पताल सञ्चालनमा ल्याएको छ ।**
- **अस्पतालका लागि संघीय सरकारको सहयोग, गा.पा.को २१ लाख खर्च ।**
- **विद्यालयको क्वारेन्टाईन हटाइयो ।**

नेपाल सरकारले अस्पताल नभएका स्थानिय तहमा न्युनतम ५ वेडको कोभिड अस्पताल सञ्चलन गर्न निर्देशन गरे अनुसार कमल गाउँपालिकाले अस्थाई अस्पताल सञ्चालनमा ल्याएको हो । यो अस्पताल स्थानीय सरकारले सञ्चालनमा ल्याएको प्रदेशकै पहिलो कोविड अस्पताल रहेको प्रदेश १ का आन्तरीक मामिला तथा कानून मन्त्री हिक्मत कार्कीले बताउनु भएको छ ।

अस्पताल निर्माणका लागी गाउँपालिकाले २१ लाख रुपैया खर्च गरेको छ । यस्तै अस्पतालमा आवश्यक सामग्री खरिद गर्न र कर्मचारी व्यवस्थापनका लागी संघिय सरकार बाट १४ लाख ५० हजार प्रदेश सरकार बाट ५ लाख रकम प्राप्त भएको कमल गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत सुवास श्रेष्ठले जानकारी दिनुभएको छ ।

## हट्यो विद्यालयको क्वारेन्टाईन

हाल सम्म कमल गाउँपालिकाले वडा नम्वर ३ स्थित शहिद धर्मभक्त माविमा क्वारेन्टाईन सञ्चालन गरेको थियो । अस्थाई अस्पताल सञ्चालनमा आए पछि सो क्वारेन्टाईन पनि हटाईएको छ । विद्यालय सञ्चालनको वातावरण सहज बनाउन पनि क्वारेन्टाईन हटाईएको गाउँपालिका अध्यक्ष मेनुका काफ्लेले बताउनु भएको छ ।

अस्पताल सञ्चालनका लागि तत्काल एमविविएस डाक्टर १ जना  स्टाफ नर्स २ जना र कार्यलय सहयोगी १ जना नियुक्ति भैसकेको छ । संक्रमितको चाप र आवश्यकताका आधारमा गाउँपालिकाले थप कर्मचारी  परिचालन गर्ने गाउँपालिकाका उपाध्यक्ष बेनुप्रसाद शिवाकोटीको भनाई रहेको छ ।

## स्थाई बनाउन सहयोग गर्ने प्रतिवद्धता

अस्थाई अस्पताल उद्घाटनकाक्रममा प्रदेश १ का आन्तरीक मामिला तथा कानून मन्त्री कार्कीले हाल अस्थाई रुपमा सञ्चालनमा आएको अस्पतालाई स्थाइ बनाउन सहयोग गर्ने प्रतिवद्धता जनाउनुभयो । श्रोत साधन थप उपलव्ध गराई अस्थाई अस्पतालाई स्थाई रुपमानै सञ्चालनका लागि सहयोग गर्ने प्रदेश सरकार तयार रहेको उहाँको भनाई छ । कोरोना महामारी नियन्त्रणका लागि स्थानीय सरकारको भुमिका सह्रानीय रहेको भन्दै थप सजगताका साथ जनजीवन सहज बनाउदै लैजाने तर्फ सवै तहका सरकार विच समन्वय भई रहेको उहाँले बताउनु भयो ।





# छात्रवृति प्रदान



कमल गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखाले एक कार्यक्रमका बिच छात्रवृत्ति वितरण गरेको छ ।

एसईई पछिको प्राविधिक विषय अध्ययन गर्ने विद्यार्थीहरूलाई गाउँपालिकाले विनियोजित को कोषबाट छात्रवृत्ति रकम वितरण गरेको गाउँपालिकाले जनाएको छ । कार्यक्रममा कमल २ स्थित श्री महेन्द्र रत्न माध्यमिक विद्यालयका २५ जना र कमल ७ स्थित सरस्वती माध्यमिक विद्यालयका २० जना गरी जम्मा ४५ जना प्राविधिक विषय अध्यायनर विद्यार्थीहरूलाई पढाइमा प्रोत्साहन गर्ने उद्देश्यले छात्रवृत्ति रकम उपलब्ध गराइएको कमल गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखाका प्रमुख सुर्य न्यौपानेले जानकारी दिनुभयो ।

कमल गाउँपालिका क्षेत्रभित्र बसोबास भएका र एसईई पछिको प्राविधिक विषय अध्ययन गर्ने विद्यार्थीहरूलाई गाउँपालिका कोषबाट छात्रवृत्ति रकम वितरण गरेको हो । वितरित छात्रवृति पाउनेमा महेन्द्र रत्न माध्यमिक विद्यालयमा अध्यायनरत विद्यार्थीहरूलाई प्रति विद्यार्थी ११ हजार ३ सय ६३ र सरस्वती माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई प्रतिविद्यार्थी १० हजार ७ सय ९५ रुपैयाका दरले गाउँपालिकाका अध्यक्ष मेनुका काफ्लेले छात्रवृत्ति रकम वितरण गर्नु भएको थियो । महेन्द्र रत्न माध्यमिक विद्यालयमा सिभिल इन्जिनियरिङ तर्फको सव ओभरसियर र सरस्वती माध्यमिक विद्यालयमा कृषि र पशुविज्ञान विषय पढाइ हुने गरेको छ ।

# नि:शुल्क पुस्तक वितरण



पछिल्लो समय अभिभावकहरुमा अंग्रेजी मोह देखिएको छ । आर्थिक अभावका कारण आफ्ना नानीहरुलाई बोर्डिङ स्कुल पढाउन नसक्नेहरुका लागि झापाका अधिकांश सामुदायिक विद्यालयमा नै अंग्रेजी माध्यमको पढाइ सुरु गरिएको छ ।

तर, पाठ्क्रम अनुसारका पुस्तक समेत किन्न नसक्ने अभिभावक समेत झापाको कमल गाउँपालिकामा धेरै छन् । उनीहरुलाई मध्यनजर गर्दै गाँउपालिकाले विद्यार्थीहरुलाई नि:शुल्क पुस्तक वितरण गरेको छ ।

गाउँपालिका भित्र रहेका २१ वटा सामुदायिक विद्यालयका करिब ८ सय ५० विद्यार्थीलाई अंग्रेजी माध्यमको पुस्तक वितरण गरिएको गाउँपालिका अध्यक्ष मेनुका काफ्लेले बताउनु भएको छ ।

गाउँपालिकाले पालिका भित्रका सामुदायिक विद्यालयमा भर्ना भएका नर्सरी, एलकेजी र युकेजीका विद्यार्थीलाइ पुस्तक वितरण गरिएको हो । 'सामुदायिक विद्यालयमा नेपाली माध्यमबाट पढ्ने विद्यार्थीलाई सरकारले नै कितावको व्यवस्था गरेको भएपनि अंग्रेजी माध्यमको पुस्तक गाउँपालिकाबाट व्यवस्था गरिएको छ,' काफ्लेले भन्नुभयो ।

अभिभावकहरुलाई सामुदायिक विद्यालयमा अंग्रेजी माध्यमको पढाइ हुन्छ भन्नेमा नै विश्वास नभएकोले पनि स्थानीय सरकारको तर्फबाट पुस्तक वितरण गरिएको र यसका लागि सरकारले चालु आर्थिक बर्षमा ५ लाख रुपैयाँ छुट्याएको छ ।

नयाँ बिद्यार्थी भर्नाको क्रम जारी रहेकाले अझै कति विद्यार्थी थपिने हुन भन्ने यकिन नभएकाले थप हुने विद्यार्थीलाई समेत पुस्तक दिइने गाउँपालिकाका शिक्षा शाखा प्रमुख सुर्य न्यौपानेले बताउनु भएको छ ।

**शिक्षामा १ करोड ५ लाख**

गाउँपालिकाले यसै आर्थिक वर्षमा शिक्षा क्षेत्रमा १ करोड ५ लाख रुपैया बजेट बिनियोजन गरेको छ । ७ वटै वडा भित्रका सबै सामुदायिक विद्यालयमा गाउँपालिकाले यस अघि नै इ-हाजिरी मेसिन, कम्प्युटर, शिक्षकलाई कम्प्युटर तालिम लगायतको व्यवस्था गरेको छ । गाउँपालिकाले यस अघि पनि सामुदायीक बिद्यालयका कक्षा ५ सम्म अध्ययन गर्ने विद्यार्थीलाई ब्याग र जाडोको बेला स्वेटर बितरण गर्दै आएको छ ।

# मृतकका परिवारलाई राहत



झापाको कमल गाउँपालिका ५ मा जंङ्गली हात्तीका कारण मृत्यु भएका मृतकका परिवारलाई राहत रकम प्रदान गरिएको छ । २०७७ साल साउन २३ गतेका दिन रातमा सुतिरहेको अवस्थामा आएको जङ्गली हात्तिका कारण मृत्यु भएका ६३ वर्षिय रोहित रेग्मिकी श्रीमती निर्मला रेग्मीलाई राष्ट्रिय प्रकृति संरक्षण कोष द्वारा उपलब्ध गराईएको ५० हजार रुपैया कोषका कार्यक्रम अधिकृत विरेन्द्र गौतम, डिभिजनल वन झापाका अधिकृत विष्णुलाल घिमिरे र कमल गाउँपालिका वडा नम्वर ५ का वडा अध्यक्ष डम्वरवहादुर निरौलाले संयुक्त रुपमा प्रदान गर्नु भएको थियो ।

सरकारी वा सार्वजनिक जग्गामा बसोवास गर्ने व्यक्तिले कुनै पनि जङ्गली जनवारका कारण मानिसको मृत्यु भएमा राहात पाउने कानुनी व्यवस्था नरहेको तर पनि मानिस र जनवार प्रतिको सम्बन्धले गर्दामा यो रकम पिडिका परिवारलाई प्रदान गरेका डिभिजनल वन झापाका अधिकृत विष्णुलाल घिमिरेले बताउनु भयो ।

वडाकार्यलयमा आएर राहात रकम प्रदन गर्ने सस्था र राहात रकम बुझिदिने दुबैलाई वडा अध्यक्ष डम्वर बहादुर निरौलाले धन्यवाद दिनुभयो ।



कमल गाउँपालिकामा पर्ने वन क्षेत्र अवलोकन एवम् निरीक्षणका क्रममा गाउँपालिका र सुरक्षा अधिकारी लगायतको टोली

# केर्खा बजारमा सीसी क्यामरा





आपराधिक घटना र सडकमा दैनिकजसो हुने सवारी दुर्घटना न्युनिकरणकालागि कमल गाउँपालिका वडा नम्वर ३ केर्खा बजारमा सिसि क्यामरा जडान गरिएको छ। चाडपर्वका समय बजारमा भिडभाड भएको मौका छोपि विभिन्न खाले अपराधिक घटना हुने र सोहि समयमा सवारीको चाप समेत बढीहुने भएका कारण दुर्घटनाहुने गरेकोले त्यसको न्युनिकरणकालागी सिसि क्यामरा जडान गरिएको गाउँपालिकाले जनाएको छ।

गाउँपालिको प्रमुख बजारका रुपमा रहेको केर्खा बजारमा विभिन्न खाले अपराधिक घटना हुने अर्कोतर्फ मुख्य राजमार्ग सँग जोडिएकोले सवारी दुर्घटना समेत अत्याधिक हुने गरेकोले त्यसको न्युनिकरण गर्नकालागी वडा कार्यलय को ३ लाख र गाउँपालिकाको १ लाख ४५ हजार गरी जम्मा ४ लाख ४५ हजार रुपैयामा ४ वटा सिसि क्यामर जडान गरिएको कमल गाउँपालिका वडा नम्वर ३ का वडा अध्यक्ष नरप्रसाद दंगालले जानकारी दिनुभयो । गाउँपालिकाले सिसि क्यामरा जडान गरेपछि अपराध न्युनीकरण तथा सुव्यवस्था कायम गर्न सहज भएको छ । विषेश गरेर रातको समयमा हुने विभिन्न अपराधिक घटना न्युनिकरण भएका छन् । अर्को तर्फ सवारी दुर्घटनामा कस्ले गलि्त गरेको हो सत्यतथ्य पत्ता लगाई दोसिलाई कार्वाहि गर्न सहज भएको प्रहरी चौकि केर्खाका प्रहरी सहायक निरिक्षक राजेश कुमार श्रेष्ठले बताउनुभयो। क्यामरा जडान पछि आधा दर्जन भन्दा वढी घटनाको दोसी पत्ता लगाई कार्वाहि गरिएको श्रेष्ठले जानकारी दिनुभयो।

# लैंगिक हिंसा विरुद्धको अभियान




लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान कमल गाउँपालिकाका पनि विभिन्न कार्यक्रम गरि मनाईएको छ । **"लैंगिक हिंसा अन्त्यको प्रतिवद्धता : व्यक्ति समाज र सवैको ऐक्यवद्धता"** भन्ने नाराका साथ सञ्चालित अभियानको कमल गाउँपाकिलामा हस्ताक्षर गरि कार्यक्रमको उद्घाटन गरिएको थियो ।

हरेक वर्ष नोबेम्बर २५ देखि डिसेम्बर १० सम्म विभिन्न कार्यक्रमगरी मनाउदै आएकोमा यो वर्ष कोभिड १९ का कारण वृहत कार्यक्रम सञ्चालन हुन सकेन् । तर पनि गाउँपाीलकाका सातै वडा वडामा ऐक्यवद्धता जनाउदै हस्ताक्षर गर्ने कार्यक्रम रहेको कमल गाउँपालिका महिला तथा वालवालिका शाखा प्रमुख रेनुका गौतमले जनाकारी दिनुभयो ।

**अभियानको पृष्ठभूमी**

सन्  १९६० नोभेम्वर २५ मा ल्याटिन अमेरीकाको डोमिनिकन गणतन्त्रका राफेल टुजिलो नामक तानाशाहीले ३ जना मिरावल दिदि बहिनी पेट्रिया, मारिया र मिनर्वाहरुलाई  त्यहाँका गरेको क्रुर हत्याको सन्दर्भलाई सम्झने गरिन्छ । सोही घटनाको सम्झनामा सन् २००० देखी यो दिनलाई महिला माथि भएको (लैंगिक) हिंसाको रुपमा लिई संयुक्त राष्ट्रसंघ बाट नै निर्णय भई संसार भरि अन्तराष्ट्रिय महिला विरुद्धको हिंसा उन्मुलन दिवस नोभेम्वर २५ लगायत १६ दिने अभियान मनाउन थालिएको हो  ।

त्यसैगरी कार्यक्रमको १६ औं (अन्तिम) दिन लाई  अन्तर्राष्ट्रिय मानवअधिकार दिवसका रुपमा मनाईन्छ ।  यसका साथै संयुक्त राष्ट्रसंघबाट सन् १९४८ डिसेम्बर १० मा मानव अधिकारको विश्वव्यापी घोषणपत्र जारी भएको दिन भएकोले पनि यो दिन महत्वपूर्ण रहेको  छ ।



**लैंगिक हिंसा भनेको के हो ?**

कुनै व्यक्तिले महिला वा पुरुष वा तेस्रो लिंगि भएका आधारमा (लिंगका आधारमा) कसैमाथि घर, समाज तथा कार्यस्थलमा गर्ने शारिरीक, मानसिक, आर्थिक तथा यौनजन्य पीडा वा क्षति पुर्‍याउने कार्य नै लैंगिक  हिंसा हो ।

हाम्रो समाज पितृसत्तात्मक सामाजिक संरचना भएको कारणले धेरै जसो महिला माथि हिंसा, घरेलु हिंसा, बालविवाह, बहुविवाह, बलात्कार, हत्या, तेजाव आक्रमण, बोक्सीको आरोप, यौन दुर्व्यभार, बाल दुर्व्यभार, जवरजस्ती गर्भपतन, दाइजो, बेचविखन तथा ओसारपसार, कार्यस्थलमा हुने दुर्व्यवहार जस्ता क्रियाकलाप हुने गरेको पाइन्छ । यस्ता कार्य गर्नु वा गराउनु कानुन विपरित हुनेछ । यस्ता कार्य गर्ने वा गराउने जो सुकैलाई कानुन बमोजिम दण्ड सजाय हुने कानुनी व्यवस्था छ ।

**अभियान प्रति प्रतिवद्धता र सेतो रिवनको अर्थ**

- म हिंसा गर्दिन
- म हिंसा सहन्न
- हिंसा भएको देखेमा प्रतिकार गर्नेछु

**आजै बाट लैंगिक हिंसा विरुद्ध बोलौ**

**किनभने**

- मैंले नबोले कसले बोल्ने
- अहिले नबोले कहिले बोल्ने
- यहाँ नबोले कहाँ बोल्ने

**लैंगिक हिंसा विरुद्ध अवको गन्तव्य**

- हिंसामुक्त समाज निर्माण गर्न सवै जना प्रतिवद्ध हुनुपर्दछ ।
- कुरिति र अन्धविश्वास हटाउनु पर्दछ ।
- सकारात्मक सोचको विकास गर्नुपर्दछ ।
- लैंगिक हिंसाको विषय महिलाको मात्र हो भन्ने गलत सोचको अन्त्य हुनुपर्दछ
- महिलालाई साधनको रुपमा हेर्ने सोचको अन्त्य हुनुपर्दछ
- महिलाहरुले पनि आफुलाई सक्षम बनाउन सुचना शिक्षा सञ्चारमा पहुँच स्थापना गर्ने साथै व्यवसायिक वन्ने प्रयत्न गर्नुपर्दछ ।

# लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान यसको सन्दर्भ र महत्व



रेनुका गौतम
प्रमुख, महिला तथा बालबालिका शाखा
कमल गाउँपालिका

लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान प्रत्येक वर्ष नोभेम्बर २५ देखी डिसेम्बर १० सम्म विश्वभर नै मनाईने गरिन्छ । यस बर्ष पनि विश्वभरमा, Orange the world: Fund, Respond, Prevent, Collect ! भन्ने अन्तराष्ट्रिय नारा तथा “लैंगिक हिंसा अन्त्यको प्रतिवद्धता: व्यक्ति समाज र सवैको ऐक्यवद्धता” भन्ने राष्ट्रिय नाराका साथ विश्व भरमा नै विभिन्न सचेतना मुलक कार्यक्रम सहित शुरु भएको छ । यस अभियानको मुख्य उदेश्य लैंगिक हिंसा विरुद्ध शुन्य सहनशिलता कायम गर्न सवै पक्षहरुको सहभागीतामा विविध कार्यक्रम सहित बालिका तथा महिला हिंसा विरुद्ध सचेतना मुलक कार्यक्रम सञ्चालन गर्नु नै हो ।

सन् १९६० नोभेम्वर २५ मा ल्याटिन अमेरीकाको डोमिनिकन गणतन्त्रका राफेल ट्रुजिलो नामक तानाशाहीले ३ जना मिरावल दिदि बहिनी पेट्रिया, मारिया र मिनर्वाहरुलाई गरेको क्रुर हत्याको सन्दर्भलाई सम्झने गरिन्छ । ट्रुजिलो सरकारले गरेको अधिनायकवादको अन्त्यका लागि संघर्ष गर्दै गर्दा एक आमसभामा सम्बोधन गर्ने क्रममा गिरफ्तार गरी ११ महिना जेल राखी पछि सामुहिक हत्या गर्‍यो । जसलाई लिङ्गका आधारमा हुने राजनितिक हिंसाको प्रतिरुप मानिन्छ । अन्याय नसहने स्वभावका यी दिदिबहिनी र उनको परिवारलाई राजद्रोहको आरोप लागेको थियो । सन् १९६० को शुरुवातमा त्यहाँको सरकारले उनीहरुलाई राजद्रोहीको रुपमा घोषणा गर्‍यो । यसरी घोषणा गरेको ११ महिना पछि नोभेम्वर २५ का दिन

उनीहरुको हत्या गरेको थियो । उक्त हत्या पछि ट्रुजिलो सरकारको विरुद्धमा आन्दोलनको बलले सत्ता परिवर्तन भयो । सोही दिनलाई १९९९ मा संयुक्त राष्ट्र संघको महासभाले अन्तराष्ट्रिय महिला विरुद्धको हिंसा उन्मुलन दिवस नोभेम्वर २५ र नोभेम्वर २५ देखी डिसेम्वर १० सम्मको दिनलाई अन्तराष्ट्रिय जगतमा महिला हिंसा विरुद्ध १६ दिने अभियानको रुपमा मनाउने निर्णय भएको हो ।

१९८९ डिसेम्वर ६ मा क्यानाडाको मन्ट्रियलमा गरिएको छात्रा आमहत्याको सम्झनामा यो दिनको सम्झना गरिन्छ । महिला अधिकारवादीहरुले अघि सारेका सुधारवादी नीतिहरुको विरोध गर्दै मन्ट्रियलको विश्व विद्यालयमा मार्क लेपिन (Mark Lepine) भन्ने एक बन्धुकधारी विद्यार्थीले १४ जना छात्राहरुको आमहत्या गरेको थियो । जसमा अरु १० जना छात्रा घाईते भएका थिए । यो घटना महिला माथि भएको हिंसाको रुपमा लिई १६ दिने अभियानको सन्दर्भमा यो दिनलाई सम्झने गरिन्छ ।

अन्तराष्ट्रिय मानवअधिकार दिवस संयुक्त राष्ट्रसंघबाट सन् १९४८ मा डिसेम्बर १० का दिन मानव अधिकारको विश्वव्यापी घोषणपत्र जारी भएको दिन भएकोले यो दिन सम्म यो अभियान जारी रहन्छ ।

नेपालमा लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान केही वर्ष देखि विविध कार्यक्रमको आयोजना गरी मनाउन थालिएको हो । महिला माथि हुने गरेका हिंसा विरुद्ध विभिन्न सरकारी गैरसरकारी संघसंस्थाहरुको समन्वय, सहभागीता र सक्रियतामा यो अभियान मनाउने गरिन्छ । यस अभियानमा विषेश गरी हिंसा विरुद्ध सवै तह र तप्का बाट प्रतिवद्धता जरुरी छ । म हिंसा गर्दिन, म हिंसा सहन्न, हिंसा भएको देखेमा प्रतिकार गर्नेछु भन्ने प्रतिवद्धता सहित सेतो रिवन लगाई लैंगिक हिंसा विरुद्ध सवैको ऐक्यवद्धता साथै प्रतिवद्धता जाहेर गरिन्छ ।

हुन त यस्ता कार्यक्रम गरेर के भएको छ र हिंसामा भएका महिलाहरु अझै पनि पीडामा नै छन् भन्ने एक थरीको भनाई समेत सुन्नमा आउछ । तर हाल सम्म आई पुग्दा हिंसा विरुद्ध व्यापक आवाज उठ्न थालेका छन् । यो अभियानले घर भित्र हुने हिंसालाई घर भित्र मात्र सीमित राख्न हुँदैन भन्ने मान्यताहरु स्थापित हुन थालेका छन् । साथै हिंसा पीडितलाई उद्धार तथा सहयोग गर्ने सरकारी निकाय र महिला अधिकारको क्षेत्रमा कार्यरत विभिन्न संस्थाहरु बीच

समन्वय र सहकार्यको संस्कृति अगाडी बढेको छ । पीडित लाई न्याय दिलाउने सवालमा सरोकारवालाहरु सकारात्मक वन्दै गएको अवस्था छ । हालसम्म हिंसा अन्त्यका लागि धेरै कानुनहरु समेत बनेका छन् ।

नेपाल सरकारले आ.व. २०७७७८ लाई लैंगिक हिंसा विरुद्धको अभियान वर्ष समेत मनाउने घोषणा गरी कार्ययोजना बनाई कार्यान्वयन गर्न तीनै तहका सरकारको भुमिका र जिम्मेवारी तोकिदिएको छ । सोही अनुसार आ-आफ्नो तह बाट लैंगिक हिंसा विरुद्धको अभियान वर्ष सफल बनाउन विभिन्न क्रियाकलापहरु सञ्चालन भईरहेका छन् ।

यति हुँदा हुँदै पनि हाम्रो समाज पितृसत्तात्मक सामाजिक संरचना भएको कारणले धेरै जसो महिला माथि हुने हिंसा, घरेलु हिंसा, बालविवाह, बहुविवाह, बलात्कार, हत्या, तेजाव आक्रमण, बोक्सीको आरोप, यौन दुर्व्यवहार, बाल दुर्व्यवहार, जवरजस्ती गर्भपतन, दाइजो, बेचविखन तथा ओसारपसार, कार्यस्थलमा हुने दुर्व्यवहार जस्ता क्रियाकलाप हुने गरेको पाइन्छ । त्यस्तै हिंसाका स्वरुपहरु हाल आएर सामाजिक सञ्जालमा आउने उछृङ्खल कृयाकलाप, वैदेशिक रोजगारीबाट सिर्जना हुने हिंसा अनि ती विषयमा पुरुषवादी मानसिकताले समाजमा गरिने विश्लेषण लगायत महिलाहरु विभिन्न बहानामा शारिरीक, मानसिक, आर्थिक तथा यौनिक हिंसामा पर्ने गरेका छज् । साथै समाजले महिला माथि हुने गरेका हिंसालाई हिंसाकै रुपमा नलिने प्रवृतिले गर्दा हिंसा अन्त्य गर्न कठिन भएको पाईन्छ । यस्ता सवै खाले हिंसा अन्त्यका लागि घर परिवार, समाज लगायत सबै सरोकारवाला निकायहरुबीच आपसी समन्वय सहकार्यमा रोकथाम गर्न जरुरी छ । साथै यो अभियानमा पहिले आफैंबाट सुरुवात गरी अरुमा परिवर्तन ल्याउन र जिम्मेवारी बोध गराउन सकेमा लैंगिक हिंसाका घटनामा निश्चय नै कमी आउने छन् ।

**लैंगिक हिंसा विरुद्ध सवैले बोलौ ।**

**किनभने मैंले नबोले कसले बोल्ने, अहिले नबोले कहिले बोल्ने, यहाँ नबोले कहाँ बोल्ने ।**

# समावेशी विकास कार्यक्रममा सि बि आर एफ भुमिका

समावेशी विकास कार्यक्रम NLR को Fund तथा राष्ट्रिय अपाङ्ग महासंघ र कमल गाउँपालिकाको साँझेदारीमा विगतका २ वर्ष देखि संचालन भएको कार्यक्रम अन्तरगत पर्दछ । जस अन्तरगत अपाङ्गता रोकथाम, अपाङ्गता व्यवस्थापन, अपाङ्गता समावेशी विकास, कुस्ठरोग रोकथाम तथा नियन्त्रण, Compreshensive Wash र समुदायिक सहयोग प्रणालिको सुदृढिकरण शिर्षकमा कार्यक्रमहरु संचालन गर्न CBRF (सहजकर्ता) नियुक्ति गरि कमल गाउँपालिकाले समावेशी विकास कार्यक्रम अगाडि बढाएको छ ।



प्रकाश वास्कोटा



दिक्षा श्रेष्ठ

**लक्ष्य**

पालिकाको दिगो र समावेशी विकासका लागि सबै विकास समिति ,स्वास्थ्य अन्तर्गतका आमा समुहहरु, अपाङ्गता भएका व्यक्तिहरुको समुह (DPOs), स्थानीय स्तरमा कार्यरत गैर सरकारी सस्थाहरु संग सहकार्य गरि योजना तथा रणनीति तय गरि सोहि अनुरुप स्थानिय स्रोत र साधनहरुको व्यवस्थापन गरि कार्यक्रम अघि बढाइने छ ।यस कार्यक्रमका सातवटा चरणहरुलाई समेटिने गरि लक्ष निर्धारण गरिएको छ । अपाङ्गता रोकथाम कार्यका लागि स्वास्थ्य संस्था र अन्य सरोकारवाला निकायहरु संग सहकार्य गरि ANC/PNC लाई सत प्रतिसत पुर्याउने Folic Acid, Iron चक्कि नियमित सेवन गर्न प्रेरित गरि जन्मजात अपाङ्गता हुनबाट रोकि राज्यबाट हुने अतिरिक्त व्ययभार कम तथा मानविय क्षति हुन बाट रोक्न पहल गर्ने । अपाङ्गता व्यवस्थापन अन्तरगत अपाङ्गता भएका व्यक्तिको

जीवनस्तर सुधार्ने, दिगो र आर्थिक विकासका आयमहरु खोज्ने । कुष्ठरोग नियन्त्रण र रोकथाम अन्तरगत कुष्ठरोग सम्बन्धी नकारात्मक धारणामा परिवर्तन ल्याउन राष्ट्रिय अपाङ्ग महासंघ संग सहकार्य गरि जनचेतनामुलक कार्यक्रमको संचालन गरिने छ । विश्वव्यापी मापदण्ड अनुरुपका भौतिक सम्रचनाहरु निर्माणका लागि स्थानिय स्रोत र साधनको परिचलानमा प्रोत्साहन गरिने छ । र प्रयोग मैत्रि भौतिक पुर्वाधारहरुको निर्माणमा सचेतना फैलाउन सहयोग गरिने छ र जन्मजात तथा विभिन्न कारणले हुने अपाङ्गतालाई रोकथाम गर्न न्युनिकरणका कार्यक्रमहरु संचालन गरिने छ। यसका साथै अपाङ्गताको पहिचान दिलाउनका लागि घरदैललो कार्यक्रमको आयोजना गरि अपाङ्गताको प्रोफाइल निर्माण कार्यलाइ पनि निरन्तर रुपमा अघि बढाईने छ ।

## वर्तमान अवस्था (CBRF) को भुमिका

सबै वर्ग र प्रकृतिका अपाङ्गताको पहिचानका लागि कमल गा पा को कमल अपाङ्गता मुल समिति संगको संयोजनमा प्रत्येक वडा अन्तरगतका म्एइक लाई पुर्ण रुपमा परिचालन गरि नियमित बैठकको आयोजना अनुगमनको कार्य अगाडि बढाइने छ । अपाङ्गता पहिचानका लागि विभिन्न किसिमका परामर्श देखि लिएर घरभेट कार्यक्रम, अपाङ्गता प्रोफाइल निर्माण कार्य र अपाङ्गता छात्रवृत्तिमा पहुँच, अपाङ्गता स्वास्थ्य विमामा पहल, कोभिडको समस्यामा परेका परिवारलाई राहत वितरण, व्यक्तिगत घटना अध्ययन प्रतिवेदन लगाएत सम्पुर्ण समस्याहरु निराकरणमा स्वास्थ्य, महिला तथा बालबालिका, पशु, शिक्षा साखा संग समन्वय र सहकार्य गरि कमल गा पा का लक्षित वर्गका लागि आवश्यकता पहिचान कार्यलाई निरन्तर रुपमा अघि बढाएको अवस्था छ ।

## चुनौती र समस्या

ब्यापक क्षेत्र र असिमित क्रियाकलापहरुको भुमिका निर्वाह गर्नु पर्ने भएकाले के गर्ने ? के नगर्ने ? कुन कार्यलाई प्राथमिकतामा राख्ने ? सिमित वजेटमा विभिन्न शिर्षक अन्तरगतका १०० क्रियाकलापहरु संचालन गर्न अलमलमा परेको अवस्था का वावजुत विश्वव्यापि रुपमा फैलिएको महामारीले पनि कार्यक्रमको सफलतामा चुनौती पुर्ण बनाएको अवस्था छ ।

## निश्कर्ष

वास्तममा समावेशी विकास कार्यक्रमलाई ऋद्यचँ ले पालिका स्तरका सम्पुर्ण सम्यन्त्रहरु संग समन्वय र सहकार्य गरि योजना वद्ध रुपमा अगि बढाउने हो भने जनताको

जीवन स्तरमा सुधार हुन्छ । सबै वर्गीय, जातिय, धार्मिक र लैंगिक क्षेत्रको दिगो विकासका लागि मानव अधिकारको पुर्ण प्रत्याभुति हुन्छ । दिगो समावेशी विकासका लागि स्वास्थ्य, शिक्षा, सामाजिकिकरण र विकासका सबै आयमहरुमा सबै पक्षको समान पहुँच हुन्छ । नागरिक स्तरमा समावेशी विकास सहितको समतामुलक समाजको निर्माण हुन्छ । राज्यबाट निर्धारित नीतिगत व्यवस्थाहरु पुर्ण रुपमा कार्यन्वयन हुन्छ र स्थानीय तहको सरकारका हरेक नीति कार्यक्रमहरुमा सबै वर्ग लिङ्ग धर्म र जातजातिको पुर्ण समावेशी सहभागिता सुनिश्चितता हुन्छ । अवरोध मुक्त समाजको निर्माण हुनका साथै पिछडिएको क्षेत्र, सिमान्तकृत सबै वर्ग बालबालिका, महिला, अपाङ्गता भएका व्यक्ति, कुष्ठ प्रभावित व्यक्तिहरुको विश्वव्यापी सिद्धान्त अनुरुप सम्मानजनक समान सहभागिता र विकासमा पहुँच हुन्छ र जन्मजात तथा विभिन्न कारणले हुने अपाङ्गतामा कमि आउछ । कुष्ठरोग मुक्त पालिका का साथै संस्थागत प्रसुति सत प्रतिसत हुन्छ । विश्वव्यापि मापदण्ड अनुरुप सबैको पहुँच युक्त प्रयोगकर्ता मैत्रि भौतिक सम्रचनाहरुको निर्माण भई जनजीवन यापनमा सहजताको सुनिश्चतता हुन्छ ।

**(लेखकद्वय सि बि आर एफ कमल गाउँपालिकामा क्रियाशिल हुनुहुन्छ ।)**




कोरोना महामारीको समयमा विपन्न तथा अपाङ्गता भएकाहरूलाई घरैमा पुगेर साबुन तथा मास्क प्रदान गरिदैं ।

# किसानलाई आलुमा अनुदान




आईपिएम आलु ब्लक सञ्चालन समिति कमल २ ले एक कार्यक्रमका विच विउ आलु वितरण गरेको छ । **'आईपिएम प्रविधि अपनाउँ, दिगो कृषिमा टेवा पुऱ्याउँ'** भन्ने नाराका साथ सस्थामा आवद्ध सदस्यलाई ५० प्रतिशत अनुदानमा विउ आलु प्राङ्गरिक मल, तथा टाईकोड्रमा वितरण गरेको समितीले जनाएको छ ।

कृषि ज्ञान केन्द्र झापाको सहयोग, कमल गाउँपालिकाको समन्वय र आईपिएम आलु ब्लक संचालन समितीको व्यवस्थापनमा ३ सय २० जना कृषकलाई विउ आलु तथा प्राङ्गरिक मल वितरण गरिएको समितीका अध्यक्ष याम बहादुर राईले बताउनुभयो ।

बिगतमा एउटा वाडमा सिमीत आलु पकेट क्षेत्र हाल गाउँपलिकाको ६ वटा वडामा आलुको ब्लक विस्तार भएको छ । विगतमा कृषकले उत्पालन गरेको आलु विक्रि नहुने समस्या रहे पनि व्यवसायीकतासँगै बजारीकरण पनि सहज हुँदै गएको कमल गाउँपालिकाका अध्यक्ष मेनुका काफ्लेले बताउनु भयो । गाउँपालिकाको नीति अनुसार एक वडा एक उत्पादनमा समेत यस कार्यक्रमले सहयोग पुगेको अध्यक्ष काफ्लेले बताउनु भयो । समितिका उपाध्यक्ष टंक कट्टेलले सञ्चालन गरेको कार्यक्रममा सदस्य दुर्गा पराजुलीले स्वगत मन्तव्य राख्नुभएको थियो ।

**कमल गाउँपालिका कृषि विकास शाखाबाट चालु आ व २०७७।०७८को प्रथम चौमासिक लक्ष्यमा सञ्चालित कृषि कार्यक्रमहरुः**

**१. व्यावसायिक मसलाबाली लगाउने कृषकहरुको मागको आधारमा साझेदारी कार्यक्रमः**

व्यावसायिक मसलाबाली लगाउने कृषकहरुको मागको आधारमा उत्पादन सामग्री सहयोग गरिएको जस अन्तर्गत वीउ विजन मल्चिङ्ग प्लाष्टिक शुक्ष्म खाद्यतत्व आदि उपलव्ध गराइएको छ ।

| क्र स | समुह सँस्था कृषि फर्मको नाम | ठेगाना | लगाउने बाली | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रास्ना बहुउद्धेश्यीय कृषि फर्म | कमल १ | खुर्सानी | १० कठ्ठा | |
| २ | ईन्द्रेणी कृषक समूह | कमल ७ | लसुन | १० कठ्ठा | |
| ३ | साधुचौतारा कृषक समूह | कमल ७ | खुर्सानी | १० कठ्ठा | |
| ४ | नमुना मूल कृषक समूह | कमल २ | धनियाँ | १० कठ्ठा | |
| ५ | केराधाप कृषक समूह | कमल ३ | खुर्सानी | १० कठ्ठा | |

**२ व्यावसायिक च्याउखेती गर्ने कृषि फर्मको मागमा आधारित साझेदारी कार्यक्रमः**

व्यावसायिक च्याउ खेती गर्ने कृषकहरुको मागको आधारमा ६० प्रतिशत अनुदानमा च्याउ उत्पादन सामग्री *(च्याउको वीउ डोरी चुना व्लीचिङ्ग आदि)* उपलव्ध गराईएको ।

| क्र स | समुह सँस्था कृषि फर्मको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | रेनुका च्याउ फर्म | कमल ५ | |
| २ | वियाक्स च्याउ फर्म | कमल ५ | |
| ३ | डाँडागाउँ च्याउ फर्म | कमल २ | |
| ४ | सिम्ले च्याउ पकेट | कमल ५ | |
| ५ | नमस्ते च्याउ फर्म | कमल ५ | |
| ६ | झलम च्याउ फर्म | कमल ६ | |
| ७ | मौसम च्याउ उद्योग | कमल २ | |

३ **अध्यक्ष पकेट कृषि कार्यक्रमः** व्यावसायिक तरकारी खेती गरिरहेका र गर्न ईच्छुक कृषक समूहहरुको मागको आधारमा तरकारीका वीउविजन प्राविधिक सहयोग निःशुल्क उपलव्ध गराइएको ।

| क्र स | समुह सँस्था कृषि फर्मको नाम | ठेगाना | लगाउने बाली | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|
| १ | सँयुक्त उर्जाशील कृषक समूह | कमल १ | तरकारी | १ विघा | |
| २ | मिलन मिश्रित कृषक समूह | कमल २ | तरकारी | २ विघा | |
| ३ | शिर्जनशील कृषक समूह | कमल ६ | खुर्सानी | ३ विघा | |

४ **पुराना रैथाने बाली उत्पादन तथा प्रवर्द्धन कार्यक्रम:** परम्परागत रुपमा लगाउदै आएका बाली बस्तुहरु मध्ये फापर आलस र जौ बालीका वीउमा ६० प्रतिशत अनुदान रकम सहयोग गरिनेछ ।

| | | | | | |
|---|---|---|---|---|---|
| १ | भिम पाँचकोटी | कमल २ | फापर | १०कठ्ठा | |
| २ | बिष्णु प्रसाद अधिकारी | कमल २ | फापर | १५कठ्ठा | |
| ३ | गोविन्द प्रसाद पौडेल | कमल ६ | आलस फापर | १ विघा | |
| ४ | नमूना मूल कृषक समूह | कमल २ | फापर | १० कठ्ठा | |
| ५ | फाग बहादुर राई | कमल २ | फापर | १ विघा | |
| ६ | सरस्वता रिजाल | कमल ६ | फापर | ८ कठ्ठा | |
| ७ | रत्न प्रसाद भट्टराई | कमल २ | आलस | १ विघा | |
| ८ | पञ्चमायाँ नेम्वाङ्ग | कमल ६ | फापर | ५ कठ्ठा | |
| ९ | टेकनाथ खतिवडा | कमल ६ | फापर | ५ कठ्ठा | |
| १० | समयगढ कृषि सहकारी सँस्था ली | कमल २ | फापर | ६ विघा १२ कठ्ठा | |
| ११ | तिर्थराज पौडेल | कमल ६ | फापर | ७ कठ्ठा | |
| १२ | भूमी प्रसाद ढकाल | कमल ६ | फापर | ५ कठ्ठा | |
| १३ | पदम श्रेष्ठ | कमल ४ | जौ | ५ कठ्ठा | |

सफा र समृद्ध सहर, हामी सबैको रहर



# आगलागी पिडीतलाई सहयोग



कमल गाउँपालिका २ का आगलागी पिडीत परिवारलाई कमल गाउँपालिकाको तर्फ बाट राहात प्रदान गरिएको छ ।

आगलागी पिडित रामबहादुर परियारको परिवारलाई गाउँपालिकाको तर्फ बाट ५० हजार रुपैयाँको चेक गाउँपालिका अध्यक्ष मेनुका काफ्ले प्रदान गर्नु भएको हो । गत मंसिर ३ गते भएको आगलागकि कारण रामबहादुरले आफ्नी ७ वर्षिय छोरीसँगै सबै सम्पति गुमाउनु परेको थियो । पिडित परिवारलाई थप सहयोगको लागि माग जिल्ला विपद व्यास्थापन समिति र प्रदेश सरकार लाई पत्राचार गरिएको अध्यक्ष काफ्लेले बताउनुभयो ।

# अभियानको अवसरमा सम्मान



लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको समापन कार्यक्रमका अवसरमा कमल गाउँपालिकाकोतर्फ बाट आयुष्मा सोडारीलाई सम्मान गरेको छ ।

लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत **"लैंगिक तथा यौनजन्य हिंसाका कारण बिद्यार्थीमा पर्ने प्रभाव र राज्यको भुमिका"** विषयमा आदर्श नारी विकास केन्द्र र आर्दश गृह नेपाल चितवनले संयुक्त रुपमा आयोजना गरेको राष्ट्रिय बक्तृत्वकला प्रतियोगीतामा झापाको कमल गाउँपालिका वडा नम्वर ४ स्थित सरस्वती माध्यमिक विद्ययालय कक्षा ९ मा अध्ययनरत छात्रा आयुष्मा सोडारी द्धितिय हुनुभएको थियो ।

राष्ट्रिय वक्तृत्वकला प्रतियोगीतामा द्वतिय भएर गाउँपालिको नाम उच्च राखेको भन्दै गाउँपालिका अध्यक्ष मेनुका काफ्ले, उपाध्यक्ष वेनुप्रसाद सिवाकोटी महिला तथा वालबालिका शाखा प्रमुख रेनुका गौतम लगायतको टोली विद्यालयमानै पुगेर सम्मान गरेको गाउँपालिकाले जनाएको छ ।

सहभागी विद्यार्थी मध्ये तनहुँ स्थित सत्यज्योती माध्यमिक विद्यालय कक्षा ९ मा अध्यायनरत छात्र गौरव साकोटा प्रथम, चितवन स्थित नारायणी नमुना माध्यमिक यिध्यालय कक्षा ९ मा अध्यायनरत छात्रा शुभेक्षा लामा द्वतिय र कमल गाउँपालिका वडा नम्वर ५ स्थित मंगलमय माध्यमिक विद्यालय कक्षा ९ मा अध्यायनरत छात्रा रन्जना बस्नेत सान्त्वना हुनु भएको थियो । कमलबाट राष्ट्रिय प्रतियोगीतामा उत्कृष्ट नतिजा ल्याउने अन्यलाई गाउँपालिकाले पुनः अर्को कार्यक्रम गरि सम्मान गर्ने जनाएको छ ।

# पुर्वनेपालको साधारणसभा




झापाको कमल गाउँपालिका वडा नम्वर २ स्थित पुर्वनेपाल वहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले आज आफ्नो २० औं वार्षिक साधारणसभा सम्पन्न गरेको छ।

"मर्यादित श्रम र पर्यटनका लागि सहकारी" भन्ने नाराका साथ साधारणसभामा सम्पन्न भएको हो। कार्यक्रममा कमल गाउँपालिकाका अध्यक्ष मेनुका काफ्लेले गाउँपालिकाले पनि एक सहकारी एक उत्पादनको नीति ल्याएकोले यसमा सहयोग पुऱ्याउन सहकारीले सहयोग गर्नुपर्ने बताउनु भयो। संस्थाले सदस्यको आवश्यकतालाई पैचानगरी व्यवसायकि कृषिको क्षेत्रमा कार्य प्रारम्भ गरिसकेको संस्थाका अध्यक्ष प्रेम सापकोटाले जानकारी दिनुभयो ।

२०५७ सालमा ३४ जना सदस्य बाट ३७ हजार ४०० शेयर पूँजी संकलनगरी कारोवार सुरु गरेको सस्थाले २० औ वर्ष पूरागर्दा सदस्य संख्या १० हजार १६४ जाना र शेयर पुँजी १२ करोड ४३ लाख ४१ हजार ७०० रुपैया तथा विभिन्न कोष गरी कुल पुँजी २५ करोड ८९ लाख १३ हजार ६१५ रुपैया छ भने यसस्थाले यस आर्थिक वर्षमा ४ करोड ४६ लाख ७२ हजार ६८४ रुयैया खुद मुनाफा गरेको व्यवस्थापक चन्द्रकला ढकालले जानकारी दिनुभयो।

# नवोदयको साधारणसभा




कमल गाउँपालिका वडा नम्वर ३ स्थित नवोदय वहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले २२ औं वार्षिक साधारणसभा सम्पन्न गरेको छ। कार्यक्रममा कमल गाउँपालिकाका अध्यक्ष अध्यक्ष मेनुका काफ्लेले सहकारी संस्थाहरुको सामुहिक प्रयासबाट व्यवसायीक कृषिलाई प्रवर्द्धन गर्नु पर्ने बताउनु भयो।

नेपाल रेडक्रस सोसाईटी दमक शाखाको प्रविधिक सहयोगमा साधारण सभाका अवसरमा रक्तदान समेत गरिएको थियो। सो रक्तदान कार्यक्रममा २० जनाले रगतदान गर्नुभएको थियो। २०५४ सालमा २७ जना सदस्य बाट १३ हजार ५०० शेयर पुँजी संकलनगरी कारोवार सुरुगरेको सस्थाले २२ औ वर्ष पूरा गर्दा सदस्य संख्या १३ हजार ७ सय ८० जाना र शेयर पुँजी १० करोड ४५ लाख ३ हजार ७०० रुपैया तथा बचत ३३ करोड ३९ लाख ७ हजार १७२ रुपैया पुगेको छ।

त्यसैगरी सस्थामा १ करोड २६ लाख ३८ हजार २२० रुपेया कोष जम्मा भएको छ भने खुद नाफा ३ करोड ३७ लाख ६१ हजार ८७३ रहेको अध्यक्ष द्वारा प्रस्तुत प्रतिवेदनमा उल्लेख गरिएको छ।

सस्थाका अध्यक्ष शरणकुमार पराजुलीको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष बलराम गजुरेलले स्वागत गर्नु भएको थियो भने व्यवस्थापक फणिन्द्र बहादुर कार्कीले सन्चालन गर्नु भएको थियो।

# जागरुकको नयाँ नेतृत्व




कमल गाउँपालिका वडा नम्वर ३ स्थित जागरुक कृषि सहकारी सस्थाले लिमीटेडले आफ्नो ५ औं वार्षिक साधारण सभा सम्पन्न गर्नुका साथै नयाँ नेतृत्व चयन गरेको छ ।

संस्थाको आगामी चार वर्षे कार्यकालकालागी अध्यक्षमा पुन कमल घिमिरे सर्वसम्मत निर्वाचित हुनुभएको छ ।

त्यसैगरी समितीको उपाध्यक्षमा गोपाल खनाल ,सचिवमा पुस्कर नेपाल सदस्यमा दुर्गाप्रसाद कोईराला ,पदम विक्रम थेवे, नरेन्द्र बहादुर थापा, रमेश भट्टराई, पवित्रा सुवेदी,सावित्रा पौडेल सर्व सम्मत निर्वाचित हुनुभएको निर्वाचन समिती संयोजक सुर्यप्रसाद न्यौपानेले जानकारी दिनुभयो । त्यसैगरी सस्थाको लेखा समिती संयोजकमा महेन्द्र अर्जेल तथा सदस्यमा भुपेन्द्र खनाल र लक्ष्मि लुईटेल( खड्का) निर्वाचित हुनुभएको  न्यौपानेले बताउनुभयो ।

कार्यक्रमको उद्घाटन शत्रमा कमल गाउँपालिका वडा नम्वर ३ का वडा अध्यक्ष नरप्रसाद दंगाल प्रमुख अतिथी रहनु भएको थियो । सस्थाका अध्यक्ष कमल घिमिरेको अध्यक्षतामा भएको कार्यक्रममा  सचिव पुस्कर नेपालले स्वागत र विवश वलिभद्र कोईरालाले सञ्चालन गर्नु भएको थियो ।

**कोरोनाको जोखिम अझै छ,**
**स्वास्थ्य सतर्कता अपनाउन नविर्सौं ।**

# साना किसानको भवन शिलान्यास



झापाको लखनपुर स्थित लखनपुर साना किसान कृषि सहकारी संस्थाको भवन निर्माण शुरु भएको छ ।

राष्ट्रिय सभा सदस्य देवेन्द्र दाहालको प्रमुख आतिथ्यमा आयोजीत कार्यक्रममा कमल गाउँपालिका वडा नं. ६ मा संस्थाको भवन शिलान्यास गरिएको हो । महिलाहरुको नेतृत्वमा सञ्चालिक संस्थाले आफ्नै भवन निर्माण शुरु गरेको हो । कार्यक्रममा कमल गाउँपालिका अध्यक्ष मेनुका काफ्ले, उपाध्यक्ष बेनुप्रसाद शिवाकोटी, वडाअध्यक्ष नरेन्द्र भट्टराई, नेपाल कृषि सहकारी केन्द्रीय संघकी उपाध्यक्ष मीना ढकाल लगायतको आतिथ्यता रहेको थियो । संस्थाका अध्यक्ष अध्यक्ष तिलरुपा बास्तोलाको अध्यक्षतामा कार्यक्रम भएको थियो । कार्यक्रममा वक्ताहरुले महिलाहरुको नेतृत्वमा सञ्चालित संस्थाले स्थानीयको आय आर्जन वृद्धीमा समेत महत्वपूर्ण योगदान पुर्याएको बताएको संस्थाका प्रवन्धक कुमार पराजुलीले बताउनु भयो ।

**सार्वजनिक स्थलहरूमा कानुनले वर्जित गरेका धुम्रपान, मद्यपान जस्ता कृयाकलाप नगरौं नगराऔं ।**

# जेसीजद्वारा सम्मान




कमल नगर जेसीजले एक कार्यक्रमका बिच नागरिक सम्मान गर्दै जेसीज सप्ताहाको समापन गरेको छ ।

सप्ताह समापन कार्यक्रममा लामो समय स्वास्थ्य क्षेत्रमा योगदान पुऱ्याउनु भएका तथा हाल लखनपुर रेडक्रस उपशाखाका अध्यक्ष चन्द्र शाहालाई नागरिक सम्मानका साथै विभिन्न कार्यक्रमगरी सप्ताहा समापन गरिएको हो । समाज परिवर्तनका निम्ति जेसीजले गरेका काम सह्रानिय भएको कमल गाउँपालिकाका उपाध्यक्ष वेनुप्रसाद सिवाकोटीले बताउनु भयो । कार्यक्रममा विभिन्न क्षेत्रका अगुवा व्यक्तित्वहरुको आतिथ्यता रहेको थियो ।

कमल नगर जेसीजका अध्यक्ष हेम दाहालको अध्यक्षतामा भएका कार्यक्रममा पुर्व अध्यक्ष केदार कटुवाल संस्थापक अध्यक्ष रुपनारायण न्यौपाने लगायतले जेसीजका बारेमा बोल्नु भएको थियो । कमल नगर जेसीजका महासचिव छत्रपति खनालले सञ्चालन गर्नु भएको कार्यक्रममा सप्ताहा समापन कार्यक्रमका संयोज महेश भण्डारीले स्वगत गर्नु भएको थियो ।

# कमल गाउँपालिकामा रहेका सहकारी संस्थाहरुको विवरण

सूची १

| सि. नं. | सहकारी संघ/संस्थाको नाम | ठेगाना | किसिम | दर्ता नम्बर | दर्ता भएको मिति | सम्पर्क नम्बर |
|---|---|---|---|---|---|---|
| १ | नेपाल दुग्ध उत्पादक स.सं.लि. | कमल ५ | ,, | ३/१/७/५७ | ०५३।३।३ | ९८४४६०३१६६ |
| २ | महिला मिलन बचत तथा ऋण स.सं.लि | कमल ७ | ब.तथा ऋण | ३/१/७/८३ | ०५४।१।१८ | ९८४४६०२८०४ |
| ३ | समयगढ कृषि स.सं.लि | कमल २ | दूग्ध | ३/१/७/१८७ | २०५८।१।१७ | ९८१७९०४५५२ |
| ४ | नारी चेतना ब.तथा ऋ.स.सं.लि | कमल ६ | ब.तथा ऋण | १०२।०६२।६३।२९५ | २०६३।२।१० | ९८४२६६२८९७ |
| ५ | लगनशील कृषि स.सं.लि | कमल ५ | कृषि | ६९।०६४।६५।३५७ | २०६४।१०।६ | ०२३५८५४३८ |
| ६ | श्रम जिवी कृषि स.सं.लि | तोपगाछी ७ | कृषि | १२१।०६४।६५।३७९ | २०६५।३।३ | |
| ७ | क्याम्पा कृषि स.सं.लि, | तोपगाछी ८ | कृषि | ३/१/७/४४१ | २०६६।११।२८ | ९८४२६२२८१८ |
| ८ | लेकवेशी कृषि स.सं.लि, | कमल २ | कृषि | ३/१/७/४७० | २०६७।२।११ | ०२३५२१२८८ |
| ९ | ठूलो बाह्रघरे कृषि स.सं.लि, | लखनपुर ८ | कृषि | ३/१/७/५११ | २०६७।९।१३ | ९८०२०२५५८५ |
| १० | श्रुतिकृति महिला कृषि स.सं.लि, | तोपगाछी ८ | कृषि | ३/१/७/५४१ | २०६८।१।८ | ९८६२६४१२६५ |
| ११ | भरपर्दो कृषि स.सं.लि, | तोपगाछी ७ | कृषि | ३/१/७/७०० | २०६९।९।२२ | |
| १२ | खयरबारी महिला कृषि स.सं.लि, | लखनपुर ४ | कृषि | ३/१/७/७०९ | २०६९।१०।१७ | ९८१५९७१६८२ |
| १३ | लखनपुर साना किसान कृषि स.सं.लि | कमल ६ | कृषि | ३/१/७/८२३ | २०७०।९।२२ | ९८५२६८३०६५ |
| १४ | नौलो बिहानी कृषि स.सं.लि, | तोपगाछी ७ | कृषि | ३/१/७/८७२ | २०७१।४।१९ | ०२३४७५०४५ |
| १५ | आइ.पि.एन.कृषि स.सं.लि, | तोपगाछी ८ | कृषि | ३/१/७/८८० | २०७१।५।१६ | |
| १६ | हाम्रो हितकारी कृषि स.स.लि. | तोपगाछी ५ | कृषि | ३/१/७/९३१ | २०७१।११।१४ | ९८५२६७५१९० |
| १७ | सम्झौता बचत | कमल ५ | व.तथा ऋण | ३/१/७/९७१ | २०७२।६।१७ | ०३३५८११९८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | तथा ऋण स.स.लि. | | | | | |
| १८ | जागरुक कृषि स.स.लि. | कमल ३ | कृषि | ३/१/७/९८५ | २०७२।१२।१५ | ०२३४७५१७४ |
| १९ | शुभरत्न वचत तथा ऋण स.स.लि. | कमल ६ | व.तथा ऋण | ३/१/७/९९० | २०७२।१।२८ | ९८४२६२०६८४ |
| २० | निगालो कृषि स.स.लि. | कमल ६ | कृषि | ३/१/७/९९१ | २०७२।४।११ | ९८१५९९९५९८ |
| २१ | संरक्षण कृषि स.स.लि. | कमल ६ | कृषि | ३/१/७/९९२ | २०७२।४।१३ | ९८०४९५३३०० |
| २२ | हाम्रो सुरक्षा वचत तथा ऋण स.स.लि. | कमल ५ | व.तथा ऋण | ३/१/७/९९३ | २०७२।४।२९ | ९८४४६५८६९६ |
| २३ | रिलायन्स वचत तथा ऋण स.स.लि. | लखनपुर २ | व.तथा ऋण | ३/१/७/९९४ | २०७२।५।२३ | |
| २४ | सर्वोदय वचत तथा ऋण स.स.लि. | तोपगाछी ७ | व.तथा ऋण | ३/१/७/९९९ | २०७२।६।२१ | ९८१६०४४३२९ |
| २५ | आभाष वचत तथा ऋण स.स.लि. | कमल ५ | व.तथा ऋण | ३/१/७/१००२ | २०७२।७।२ | ०२३५८३२३४ |
| २६ | सुनौलो इन्द्रेणी वचत तथा ऋण स.स.लि. | लखनपुर १ | व.तथा ऋण | ३/१/७/१००७ | २०७२।८।३ | ०२३५८०९८५ |
| २७ | शुभकृति बचत तथा ऋण स.स.लि. | कमल ५ | व.तथा ऋण | ३/१/७/१०१२ | २०७३।१०।५ | ९८४३३३७८५९ |
| २८ | जन एकता कृषि स.स.लि. | तोपगाछी ५ | कृषि | ३/१/७/१०१३ | २०७३।११।९ | |
| २९ | तोपगाछी हरियाली कृषि स.सं.लि. | कमल गाउँपालिका-१ | कृषि | ३/१/७/१०१७ | १२/२९/२०७३ | |
| ३० | शुभ दर्शन कृषि स.सं.लि. | कमल ५ | कृषि | ३/१/७/१०१९ | २/७/२०७४ | ९८५२६८३६९३ |
| ३१ | फर्मणी बचत तथा ऋण स.सं.लि. | कमल गाउँपालिका-३ | व.तथा ऋण | ३/१/७/१०२१ | ३/१/२०७४ | ९८४२६२०५३२ |
| ३२ | स्वर्ण बचत तथा ऋण स.सं.लि., | कमल गाउँपालिका-३ | व.तथा ऋण | ३/१/७/१०२८ | ३/३०/२०७४ | |

# कोभिड-१९ र नेपालमा शिक्षा



मोहनकुमार बगाले

चिनको बुहान प्रान्तमा सन् २०१९ को मध्य डिसेम्बरबाट देखा परि फैलिएको कोभिड-१९ का कारण उत्पन्न असहज परिस्थितिले विश्वभर प्रभाव पारिरहेको छ । संक्रमणको तीव्रता सँगै नेपालपनि उच्च जोखिममा पर्ने भनी विश्व स्वास्थ्य संगठनले सुचिकृत गरेपछि नेपाल सरकारले नेपाललाई मिति २०७६ साल चैत्र २१ गतेको लकडाउन घोषणा सँगै नेपालको हरेक क्षेत्रको बन्दा बन्दी हुँदा शैक्षिक संस्थाहरु पनि बन्दा रहन पुगे । कक्षा १० को एसईई देखि कक्षा ११ र १२ का परीक्षासमेत स्थगित बन्नपुगे ।

कक्षा १० को एसईई परीक्षालाई आन्तरिक मूल्यांकन र कक्षा ११ र १२ को परीक्षा संचालन मोडल तयार गरी शिक्षा मन्त्रा शिक्षा मन्त्रालयले परीक्षा सञ्चालन गर्न विद्यालयलाई दिइयो । सुरुमा कक्षा सञ्चालन गर्न वैकल्पिक शिक्षा, नेट, ईन्टरनेट तथा जूम एवम् प्रविधिमैत्री शिक्षामा जोड दिन कोसिस गरियो । तर नेपालमा प्रविधिको पर्याप्तता नहुन र विद्यार्थी तथा शिक्षकलाइ प्रविधि सम्बन्धी ज्ञान नहुनु र गरिबीका कारण यसप्रकारको सिकाइ वास्तविकतामा परिणत गर्न सकिएन । करिब दुई महिनाको अन्तरालमा शिक्षकहरुमा प्रविधिसम्बन्धीको पहुँच बढ्न पुग्यो । नेपालको भूगोल,प्रविधि प्राप्त गर्न आर्थिक समस्याको कमी दक्ष जनशक्तिको अभावमा प्रविधिमैत्री शिक्षालाई शिक्षा मन्त्रालयले यहाँलाई सिकाई केन्द्रको विकास गरी अध्ययन गराउने निर्देशन गर्यो । नेपालका अधिकांश क्षेत्रमा कोभिड-१९ को अति जोखिम र संक्रमण सँगै विद्यालयले सिकाइ केन्द्र मार्फत सिकाइ उपलब्धि प्राप्त गर्न सुरु गर्यो । यसप्रकारको सिकाइ कार्यलाई विद्यालयहरुले अनेक प्रकारका समस्यासँग पौठे जोडी खेल्दै अगाडि बढाइयो । तरह सिकाइ केन्द्र मार्फत गरिने यो सिकाई पनि प्रभावकारी बन्न नसकिरहेको अवस्थामा नेपाल सरकार शिक्षा मन्त्रालयबाट विद्यालय पुनःसञ्चालन कार्यविधि निर्माण गरी विद्यालय सञ्चालनका लागि स्थानीय तहलाई जिम्मा लगाए संगै कोभिड-१९ को अवस्था संक्रमण स्थिति र बस्न सक्ने सबै प्रकारका उपायहरु अपनाएर स्थानीय अभिभावक विद्यार्थी विद्यालय व्यवस्थापन समिति, शिक्षक, कर्मचार, अभिभावक

संघका लगायतको शिक्षासँग सरोकारवालाहरूसँग सल्लाह र सुझाव बमोजिम विद्यालय पुनः सञ्चालन गर्न बनाइएको ढाँचामा नेपालभरिका विद्यालयहरु क्रमशः पुनःसञ्चालनमा आउन थालेका छन विद्यालयमा मास्कको प्रयोग,सेनिटाइजर को प्रयोग, भौतिक दुरी कायम गरी विद्यालय लगाउन धेरै समस्याहरुसँग विद्यालय लागि परिरहेको छ। हाल कोभिड-१९संक्रमण तथा नियन्त्रणमा विद्यालय सञ्चालन गर्दा परेका केही मुख्य समस्या यसप्रकारको महसुस भएको छ ।

१. भौतिक दुरी कायम गरी शिक्षण गर्न डेक्सबेन्च र कोठाको अभाव ।
२. दैनिक उपभोगमा आउने माक्स, थर्मलगन, सेनिटाइजर सरसफाईमा प्रयोग हुने रसायन लगायतका सामान खरिद गर्न स्रोतको अभाव ।
३. कोभिड-१९ बाट प्रभावमा परेका स्वदेश  तथा विदेशका रोजगारीहरु बेरोजगार बन्न पुग्दा संस्थागत विद्यालयमा अध्ययन गरिरहेका बालबालिकामा सामुदायिक विद्यालयमा भर्ना हुन आउँदा त्यसको व्यवस्थापनमा संकट ।
४. विद्यार्थी अनुपातमा शिक्षक अभाव ।
५. परीक्षा संचालन तथा व्यवस्थापनमा चुनौती ।
६. कोभिड १९ संक्रमण तथा नियन्त्रणमा अरु जोखिम ।
७. स्वास्थ प्रोटोकल अनुसार बिद्यालय संचालन गर्न कठिनाई ।
८. समूहमा गर्ने अतिरिक्त क्रियाकलाप खेलकुद  सांस्कृतिक कार्यक्रम हाजिर जवाफ साहित्यिक गोष्ठी गर्न कठिनाई ।

माथि उल्लेखित समस्याहरूको बाबजुद नेपालका अधिकांश ठाउँहरूमा विद्यालय पुनःसञ्चालन हुनथालेका छन् कोभिड-१९ जस्ता महामारी  अरु पनि समयमा हुन सक्ने कुरालाई ध्यान दिएर नेपालको शिक्षालाई विश्वसँग प्रतिस्पर्धी बनाउन शिक्षामा राज्यले लगानी बढाउनु जरुरी रहेको छ प्रविधिको क्षेत्रमा शिक्षालाई जोडेर आधुनिक व्यवहारमुखी  शिक्षामा मन्त्रालयले जोड दिनुपर्छ । यसका लागि कोभिड-१९ लाई एउटा चुनौती मात्र होइन यो शिक्षाले फड्को मार्ने अवसरको रुपमा पनि राज्यले लिनु जरुरी छ यसकालागि निम्न लिखित सुझावको रुपमा लिन सकिन्छ ।

१. प्रविधिको विकासमा जोड दिने ।

२. सैद्धान्तिक भन्दा विभाजित शिक्षालाई मुख्य आधार मान्ने नीति तयार गर्ने ।

३. दक्ष जनशक्तिलाई मात्र शिक्षाक्षेत्रमा अवसर दिने वातावरण तयार गर्ने ।

४. भौतिक पूर्वाधारयुक्त  विद्यालय निर्माण गर्ने ।

५. सेवामा अनेक समस्या रहेका शिक्षकहरूलाई व्यवस्थापन गर्ने ।

६. राज्यका जिम्मेवार व्यक्ति जनप्रतिनिधि राष्ट्रसेवा कर्मचारी शिक्षक  सुरक्षा निकायमा कार्य गर्ने सुरक्षाकमी लगायत सबै मानिसका बालबच्चा सरकारी विद्यालयमा भर्ना गर्ने ।

७. शिक्षामा राज्यले लगानी बढाउने ।

८. शिक्षालाई राजनीतिको थलो नबनाउनेर र विद्यालयलाई शान्तिक्षेत्रको रुपमा घोषणा गर्ने ।

९. शिक्षण पेशा मर्यादित बनाउन शिक्षक तथा विद्यालय कर्मचारीलाई अस्थायी स्थायी अनुदान कोटा राहत शिकक बालशिक्षा नभनी एकै प्रकारको सेवा सुविधा प्राप्त गर्ने शिक्षकको रूपमा नियुक्ति गर्ने ।

१०. भावी दिनमा अयखष्म ज्ञढ जस्तै भयानक महामारी भएमा पनि शिक्षा आर्जन गर्न सक्ने शिक्षण संस्थाको रुपमा विद्यालयलाई विकास गर्ने ।

यसरी नेपालमा कोभिड-१९सँगै शिक्षालाई मुख्य विकासको पूर्वाधार मात्र होइन यो बालबालिकाको अधिकारक्षेत्र अन्तर्गतको विषय हो जसको अभावमा कुनैपनि प्रकारका जनशक्ति प्राप्तगर्न सकिँदैन भन्ने कुरालाई मूल मन्त्र को रुपमा लिनुपर्ने जरुरी रहेको छ ।

**लेखक मंगलमय मावि कमल ५ झापाका प्रधानाध्यापक तथा शिक्षा समिति कमल झापाका सदस्य हुनुहुन्छ ।**

**छोरा/छोरी बराबरी, स्कुल पठाऔं सरासरी**

## अध्यक्षसँगको कुराकानीको बाँकी अंश

**चुनावी प्रतिबद्धताहरु कति पुरा भए कति बाँकी रहे ?**

पूर्वाधार निर्माणको हकमा ८ सय ५५ वटा ठुला साना काम हामीले गरेका छौ । ति काम गर्ने भनेर चुनावी घोषणापत्रमा लेखिएको थियो । ति पूरा भएका छन् । यस अवधिमा अन्य ६ सय ५५ वटा योजनाहरु पनि पुरा भइसके । अझै बाँकी रहेको समयमा हामी चुनावी घोषणापत्र लेखिएका तथा मैले प्रतिवद्धता गरेका कामहरु पुरा गर्छु ।

**नदी नियण्त्रण लगायतका केहि ठुला कामहरु त पुरा भएका छैनन् नी ?**

हो, तपाई भनेजस्तै केहि कामहरु चाहेर पनि गर्न सकेका छैनौ । हाम्रो सबैभन्दा ठुलो चुनौची नदि नियन्त्रण हो । हामी रतुवा र कमलखोलाको बीचमा रहेका छौ । यसका लागि धेरै बजेट आवश्यक पर्दछ । हामीले नदि तथा खोलानालाको डिपिआर गरेका छौ । अति जोखिम भएको क्षेत्रमा नदि नियण्त्रणका प्रयास पनि भएकाछन् । यसका साथै गाउँपालिकाको भवन पायक स्थानमा सार्न पनि सकेका छैन । यसको कारण उपयुक्त स्थानमा जमिन प्राप्त गर्न नसक्नु हो । यसै गरी कमल ५ मा अन्तराष्ट्रिय खेलमैदान बनाउने कुरा थियो । मदन मण्डारी अन्तराष्ट्रिय रंगशालाको काम अघि बढ्न सकेको छैन । यसका लागि हामी लागि परेका छौ । यस बिषयमा प्रधानमन्त्री केपी शर्मा ओली पनि चिन्तित रहनु भएको छ । उहाँको पनि क्षेत्र भएको र उहाँ पनि बारम्बार यहाँ आएर यो बिषय बोल्नु भएको छ ।

**जनप्रतिनिधि भएर आएपछि सधैं सम्झन लायक के कस्ता कामहरु गरेजस्तो लाग्छ ?**

गाउँपालिकालाई समयमै खुदा दिशामुक्त क्षेत्र घोषणा गरियो । १ र २ नं. वडाका जनतालाई शुद्द पानीका लागि खानेपानी आयोजना निर्माण सुरु गरिएको छ । वाड नं. ३ मा व्यवस्थित वधशाला निर्माण गरिएको छ । राजमार्ग उतर छाडा बंगुरलाई हटाएर जमिन खालि गरि बगैचा निर्माणको गरेकोकाछौ । यो बर्षौदेखिको समस्या रहेको थियो । कमल गाउँपालिकाको पहिचान स्थापना गर्न पाडाजुंगीमा कमलको फुल र क्याम्पा बजारमा तोप र गाछीको स्तम्भ निर्माण गरिएको छ । यसले यस गाँउपालिकाको पहिचानलाई स्तरबृद्धि गरेको छ ।

**गाँउपालिकाका चुनौतीहरु के रहेकाछन् ? चुनौती सामना गर्न के गरिदैछ ?**

यस गाँउ पालिकाको मुख्य चुनौती वा समस्या भनेको नै नदि नियन्त्रण हो । जनतालाई बर्षाको सयमा ढुक्कसंग निदाउने अवस्था सिर्जना गर्नु रहेको छ । यसमा हाम्रो अधिकतम प्रयास भइरहेको छ । संगै अव्यवस्थित बसोबासलाई व्यवस्थित गर्ने चुनौती रहेको छ । संघीय सरकार र प्रदेश सरकारसंग समन्वय गरेर अब्यवस्थित बसोबासलाई ब्यवस्थित गर्ने काम पनि भइरहेको छ । अर्को यहाँको ठुलो चुनौती भनेको छाडा चौपाय र खुल्ला चरिचरण नियन्त्रण पनि रहेको छ ।

राजमार्ग उत्तर रहेको रतुवा माई बृक्षारोपण आयोजना रहेकाले यहाँ अब्यवस्थित चरिचरण रहेको छ । यो नयण्त्रणका लागि सम्बन्धित निकायलाई सहयोग मागिएको छ र छलफल भइरहेको छ ।

**आफु महिला नेतृत्वकर्ता रहदा कतिका अप्ठ्यारा र चुनौतीहरु हुने रहेछ ?**

पक्कै पनि दोहोरो जिम्मेवारीको काम गर्नु पर्ने अवस्था रहेको छ । समाजको गलत चिन्तनलाइ चिदै जानु पर्ने चुनौती पनि छ । महिलाको नेतृत्व स्थापित गर्नु पर्ने दायित्व पनि छ । यसका लागि धेरै नै खट्नु पर्ने छ र खटिरहेको छु । हिजो पनि जनताको अधिकाप्राप्तिको आन्दोलनमा भूमिगत जिवनपनि व्यतित गरेको छु । उ बेला देखि नै म संघर्षमा रहेको छु । गणतन्त्र स्थापनाको आन्दोलनमा लडेर आएकाले मैले समाजलाई नजिकबाट बुझेको छु । चुनौतीसंग सामना गर्न सक्छु भन्ने लाग्छ र गरिरहेको छु ।

**नयाँ शाषकीय स्वरुपमा मूलक गइरहदा पहिलो पटक स्थानीय सरकारको नेतृत्व गर्दा के अनुभव भयो ?**

संघियाताको आधारशिला तयार भएको छ । यसमा मेरो पनि हिस्सा छ भन्न सक्छु । यो क्रममा गाऊँसभा संचालनको अनुभव भयो । ऐन कानुन बनाउने, कार्यबिधि निर्माण गर्ने, न्यायलयबाट हुने कतिपय काम यहि हुँदा तथा न्यायिक फैसला गर्दा जनताको नाजिकको सरकार र अभिभावक भएको महसुस भएको छ ।

**अन्त्यमा, कोरोना संक्रमण रोकथामका लागि के कस्ता प्रयास भए ? के कस्ता प्रयास हुँदैछन् ?**

जव महामारी फैलियो हाम्रो मात्र होईन हाम्रो देश र संसारकै पहिलो प्राथमिकता यसको नियन्त्रण बन्न पुग्यो । हामी पनि त्यसै गरि अघि बढ्यौं । शुरुवाती समयमा क्वारेन्टाईन निर्माण, सञ्चाल र व्यवस्थापनमा लागियो । समुदाय स्तरमा फैलिन नदिन अनेक प्रयत्न गर्दा गर्दै पनि संक्रमण फैलिनै हाल्यो । तर हामीले आफ्नै कोभिड अस्पताल पनि सञ्चालनमा ल्याएका छौं । कम्तिमा संक्रमितहरु आधारभूत उपचार पाउनबाट बञ्चित हुन नपरोस भनेर हामीले यसलाई सञ्चालनमा ल्याएका हौ । यस अघि हामीले विपन्न, ज्यालादारी मजदुरलाई राहत वितरण पनि गऱ्यौं । सवैको साथ र सहयोगबाट लाकड़ाउनलाई पालना गर्ने र गराउने काम भयो । बाहिरबाट आएका स्थानीयहरुलाई सुरक्षित ल्याउन यातायातको व्यवस्था गरियो । अब हामी कोरोनालाई परास्त गर्दै विकास निर्माण तर्फ पनि जुटेका छौं । यस्तै कृषि, शिक्षा, सामाजिक विकास, स्वरोजगारी सिर्जना, उद्यमशिलताको विकास जस्ता कुराहरुमा लागि रहेका छौं ।

**प्रस्तुती**
**-विष्णुप्रसाद पोखरेल**

## उपाध्यक्षसँगको कुराकानीको बाँकी अंश

**तपाईको विभागीय जिम्मेवारीको कुरा गर्दा विकास योजनाहरुको अनुगमन कसरी भई रहेको छ, यो कोभिडको समयमा यस्ता कामहरुमा कस्तो प्रभाव परेको छ ?**

तपाईले भने जस्तै, योजनाहरुको अनुगमनका लागि उपाध्यक्षको नेतृत्वमा समिति बनेर काम हुँदै आएका छन् । अहिलेको कुरा गर्दा हामीले कोभिड नियन्त्रणमा श्रोत साधन परिचालन गर्नु परेको अवस्था छ । कोरोना फैलिन थाल्नु अघिनै हामीले क्वारेन्टाईन सञ्चानल, गाउँपालिका, जनप्रतिनिधी, कर्मचारी तथा सम्पूर्ण दाताहरुको सहयोगमा एउटा कोषनै खडा गरि राहत वितरण, त्यस पछि अस्थाई कोभिड अस्पताल जस्ता कुराहरुमा लागि पऱ्यौं । शुरुवाती समयमा आरडीटी परीक्षण र त्यस पछि पिसीआर जाँचलाई तिव्रता दियौं । यस गाउँपालिकाका सवै पक्ष यसको नियन्त्रणमा परिचालित भयो, समन्वय भयो । अहिले पनि हामी त्यसै तर्फ केन्द्रित हुनु पर्ने अवस्था छ । तर पनि हामीले नियमित विकास तथा पूर्वाधार निर्माणको कामलाई छोडेका छैनौं ।

जहाँ सम्म अनुगमनको कुरा छ, हामी योजना कार्यान्वयन पछि मात्र अनुगमन गर्ने होईन योजना तर्जुमा प्रकृया देखिनै कार्यान्वयन पक्ष सवल बनाउन योजनावद्ध रुपमा काम गर्दै आएका छौं । योजना स्विकृत हुनु अघिनै त्यसको प्राविधिक विश्लेषण र मुल्याङ्कन, श्रोत साधनको सुनिश्चिता, प्रभावकारीता र आवश्यकता जस्ता पक्षहरु बारे अध्ययन गर्दछौं । त्यस पछि योजना छनौट भएर कार्यान्वयनमा जाँदा पनि जनप्रतिनिधीसँगै विज्ञ प्राविधिक सहित निरीक्षण तथा अनुगमन गरिन्छ । सम्झौता अनुसारको मापदण्ड, गुणस्तर सवै कार्यान्वयन भएको भए मात्र रकम निकाशाको प्रकृया थालिन्छ । नत्र मापदण्ड अनुसार काम भए पछि निकाशा दिईन्छ । यसरी हामी योजनाहरुको कार्यान्वयनलाई व्यवस्थित बनाउन योजनावद्ध र नीतिगत रुपमानै आधार तयार बनाएर लागेका छौं ।

**कार्यसम्पादनका क्रममा देखिएका चुनौतीहरु चाँहि के कस्ता छन् ?**

सेवा प्रवाह तथा नियमित पूर्वाधार तर्फ त त्यस्तो जटिल चुनौतीहरु छैनन् । सिमित श्रोत साधन र असिमित आवश्यकता पूर्ती गर्नु त छँदैछ । तर समग्रमा गाउँपालिका भित्रका चुनौतीको रुपमा कुरा गर्नु पर्दा यहाँको सार्वजनिक जमिन आफ्नो कब्जामा पार्न केहि भुमाफियाहरु लागेका छन् । सशष्त्र प्रहरी बलको तालिम केन्द्र आसपासको क्षेत्रको जमिनलाई आफ्नो बनाउन केहि माफियाहरु लागेकाले त्यसका विरुद्ध हामी लागि रहेका छौं । प्रहरी

प्रधान कार्यालय, महान्यायाधीवक्ताको कार्यालय, प्रधानमन्त्री कार्यालयमा हामीले आवश्यक प्रमाण दिई सकेका छौं । हामी कुनै पनि हालतमा सार्वजमिन व्यक्तिको हुन दिँदैनौं । यस्तै अर्को चुनौती त नभनौं आवश्यकताको कुरा गर्दा औद्योगीक पार्क निर्माण हुने जमिनमा बसोबास गर्नु हुने तर धनीपूर्जा नहुने परिवारलाई कसरी न्योचित रुपमा बसोबासको व्यवस्था मिलाउन सकिन्छ भनेर हामी लागि रहेका छौं । गाउँपालिका भरिको अव्यवस्थित बसोबास तथा भुमिहिनको समस्या समाधानका लागि अध्यक्षज्यूकै नेतृत्वमा काम पनि भई रहेको छ । संघीय सरकारले यस अघि बनाएको एउटा समितिले काम गरि रहेको थियो । अहिले आयोगनै बनाएर काम अघि बढि रहेकाले हाम्रो गाउँपालिकाको समितिले पनि त्यससँग समन्वय गरेर यो समस्या समाधान गर्ने तर्फ लागि रहेका छौं । अर्को कुरा हाम्रै वडा नं. ५ मा मदन भण्डारी अन्तर्राष्ट्रिय रंगशाला पनि बनोस र बन्नु पर्छ भनेर यसका लागि संघीय सरकार तथा यहाँका सरोकारवालाहरु विचमा समन्वयको काम पनि गरिहेका छौं । केहि समय अघि प्रधानमन्त्रीज्यूकै पहल र उपस्थितीमा रंगशाला, पार्क, संग्रालय तथा समाधीस्थलको समग्र व्यवस्था गर्ने भनेर सहमति पनि भएको थियो । यो सहमतिलाई हामीले अघि बढाउन सक्यौं भने समग्र कमल गाउँपालिकाले मात्र नभई देशले गर्व गर्ने योजना यहाँ बन्ने छ । यसरी केहि बृहत योजनाका लागि अझै पनि सवै पक्ष मिलेर मेहनत गर्नु पर्ने अवस्था देखिन्छ ।

# बजेट पुस्तिका सार्वजनिक



कमल गाउँपालिकाको सातौ गाउँसभावाट पारित भएको आ. व. २०७७/०७८ को नीति कार्यक्रम तथा बजेट समेटिएको पुस्तिका एक कार्यक्रम विच गाउँपालिका अध्यक्ष मेनुका काफ्ले र उपाध्यक्ष वेनु प्र. शिवाकोटीले सार्वजनिक गर्नुभएको छ । पुस्तिकमा गाउँपालिकाले सातौ गाउँ सभावाट पारित गरिएको नीति, कार्यक्रम तथा बजेट समेटिएको पुस्तिका गाउँपालिकाले तयार पारेको हो । सो विवरण गाउँपालिकाको वेवसाइटमा समेत उपलब्ध रहेको गाउँपालिकाले जनाएको छ ।

## स्थानीय तहबाट .......... लेखको बाँकी अंश

स्थानीय तहसँग विज्ञताको अभाव, सरोकारवाला निकायको सहभागिता सुनिश्चितता गराउन नसक्नु जस्ता समस्याबाट कानुनहरू धेरै बनेका भए तापनि कार्यान्वयनको चरणमा नाजुक अवस्थामा छन् । जनप्रतिनिधिको निरन्तर क्षमता विकास गर्ने संरचना नहुनु, कर्मचारीमा विज्ञताको अभाव हुनुजस्ता कारणबाट निर्णय निर्माणमा प्रचलित कानुनको उपेक्षा र वस्तुनिष्ट निर्णय हुन नसकेको जस्तो देखिन्छ भने कतिपय स्थानीय तहमा जनप्रतिनिधिले आफ्नो अधिकार बिर्सदा खरिद व्यवस्थापनमा जनप्रतिनिधि र कर्मचारीबीचमा मनमुटावको विषय बनेको पाइन्छ ।

त्यस्तै, कतिपय स्थानीय तहमा जनप्रतिनिधिले अनावश्यक सुविधा प्राप्तिमा चासो राख्नु, कानुन निर्माण नगरिकनै आर्थिक सुविधा वितरणमा हौसिनु, महत्पूर्ण र उत्पादनमुखी आयोजनाहरूमा बजेट विनियोजन नगरी बजेट टुक्राएर सानो सानो इकाइमा खर्च गर्न रमाउनु, एकीकृत विकास योजना वा आवधिक विकास योजना तर्जुमा गर्न नसक्नु, आवधिक योजना तर्जुमा गरेका स्थानीय तहले समेत योजना विकासलाई स्थान नदिई आफ्नो वडामा बढी बजेट लाने ध्याउन्न मात्र राख्नु, आयोजना बैंक स्वीकृत गर्ने र आवश्यक आयोजना सोही बैंकमार्फत छनोट गर्ने प्रचलनको कमीजस्ता समस्या देखिन्छ । स्थानीय तहको मजवुतिको मुख्य आधार तर उपेक्षित क्षेत्रको रूपमा आन्तरिक राजस्व संकलन रहेको छ नेतृत्व र प्रशासनिक संयन्त्र दुवैमा आन्तरिक स्रोतको मजबुती नै स्थानीय तहको सबलीकरण हो भन्ने विषयले स्थान पाउन सकेको छैन । घर वहाल कर पूर्ण रूपमा स्थानीय तहको क्षेत्राधिकारभित्र रहे तापनि सोचेअनुसार राजस्व रकम संकलन हुन सकेको छैन । स्थानीय तहको मुख्य राजस्व स्रोतको रूपमा रहेको नदी जन्य पदार्थ (ढुंगा, गिटी, वालुवा, भरौटलगायत)को ठेक्का व्यवस्थापनमा समेत प्रभावकारिता आउन सकेको देखिँदैन । कतिपय स्थानमा परिमाण देखाउने, ठेक्का बन्दोबस्तपश्चात नियमित अनुगमन नगर्ने र मिलेमतोमा बढी परिमाण उठाउन दिनेजस्ता समस्या देखिएका छन् । यसले गर्दा स्थानीय तहको राजस्व संकलन र उत्तरदायित्व प्रवर्द्धन स्खलित अवस्थामा रहेको छ । स्थानीय तहले प्रत्येक वर्ष बजेट तर्जुमा गर्दा नै पुस १५ गते भित्रमा राजस्वको सम्भाव्यता अध्ययन र प्रक्षेपण गरी कार्यपालिकाबाट स्वीकृत गराउनुपर्ने व्यवस्था भए तापनि अधिकांश स्थानीय तहले राजस्व सम्भाव्यता अध्ययन गरेको पाइँदैन । अत : प्रत्येक स्थानीय तहले आन्तरिक राजस्व रकम संकलनका लागि

कार्ययोजना बनाई नियमित असुलीको व्यवस्था मिलाई आफूलाई सबल र सक्षम बनाउँदै लैजानुपर्ने देखिन्छ ।

संघीय सरकारबाट प्राप्त हुने विकास बजेटको आकार बढाउनुपर्ने देखिन्छ । वित्तीय सामान्यीकरणभन्दा पनि ससर्त, समपूरक र विशेष अनुदान शीर्षकमा बजेटको आकार बढाउनुपर्ने हुन्छ । उलि्लखित व्यवस्थाबाट स्थानीय स्रोत साधनको परिचालन, राजस्वको अधिक संकलन गर्ने स्थानीय तहले उलि्लखित रकम बढी पाउन सक्नेछन् । यस व्यवस्थाबाट स्थानीय तहमा सिर्जनशीलता र सकारात्मक प्रतिस्पर्धाको विकास हुन सक्ने देखिन्छ ।

प्रदेश सरकारले सञ्चालन गर्ने कार्यक्रममा स्थानीय तहसँग समन्वय नहुँदा विकासका काममा दोहोरोपना आउने देखिएको छ । हिजो जिल्लामा छरिएर रहेहा विकासे अड्डाहरू (कृषि, पशु सेवा, स्वास्थ्य, सिँचाइ, सहरी विकास आदि) कै झल्कोमा अहिले प्रदेश सरकारबाट सञ्चालन हुने केही कार्यक्रममा दोहोरोपना झल्केको देख्न सकिन्छ । साना साना १ लाखे योजनासमेत प्रदेश सरकारले सञ्चालन गरिरहेको छ । उदाहरणको रूपमा झापाको गौरीगन्ज गाउँपालिकामा प्रदेश सरकारले विनियोजन गरेको १ लाखे आयोजना फछ्र्यौट गर्न प्रादेशिक सहरी कार्यालय इलाम जानुपरेको अवस्था छ । अहिलेको संघीयताको मोडल यो हुँदै हैन । त्यस्तै, ज्ञान केन्द्रजस्ता अड्डाले स्थानीय तहमा वितरण गर्ने अनुदान समन्वय नगरी नै वितरण गरिरहेको छ, कृषिका बीउबिजन अब प्रदेश सरकारले बाँड्ने हैन स्थानीय तहले नै वितरण गर्नु पर्छ । कृषि अनुदान वितरण गर्दा अनिवार्य रूपमा स्थानीय तहसँग समन्वय खोजिनुपर्छ नत्र संघीयताको नाममा फेरि पनि पहुँचवालाको नै हालीमुहाली हुने देखिन्छ । प्रदेश सामाजिक विकास मन्त्रालय अन्तर्गतको प्रादेशिक स्वास्थ्य विभागले करोडौंको औषधि खरिद गरी जिल्ला स्वास्थ्य कार्यालयमार्फत स्थानीय तहमा पठाउँछ (हिजो केन्द्रको क्षेत्रीय मेडिकल स्टोरले खरिद गर्थ्यो ।) सो औषधि स्थानीय तहसम्म आउँदा आधा औषधिको म्याद समाप्त हुने अवस्थामा हुन्छन् र अधिकांश औषधि जलाउनुपरेको छ । सबै स्थानीय तहमा न्यूनतम बजेट बाँडेर दिने हो भने आधा बजेट बचत हुन्छ ।

विकास बजेट बाँडफाँड हुँदा स्थानीय तहको आवश्यकता पहिचानका आधारमा वितरण हुन जरुरी छ भने संघ, प्रदेश र स्थानीय तहले कति रकम सम्मका आयोजना सञ्चालन गर्ने हो प्रस्ट किटान हुन जरुरी देखिन्छ । संविधानले तिन तहको सरकारबीचमा सहकारिता समन्वय र सहअस्तित्वको कल्पना गरी एकआपसमा एकल र साझा अधिकारको व्यवस्था गरेको छ । यसबाट पनि स्पष्ट हुन्छ कि तीन तहका सरकार अलगअलग नभई एउटै राज्यका शासन

प्रणालीका अवयवहरू हुन् । संघीय सरकारले प्रदेश र स्थानीय सरकारबीचमा खासै समन्वय भएन भन्ने आरोप छ भने प्रदेश सरकारले स्थानीय सरकारलाई गन्दै नगन्ने र स्थानीय सरकारले प्रदेश सरकारलाई टेर्दै नटेर्ने भन्ने आरोप छ । अब पनि एक आपसमा सन्वय र सहकारिता र सहअस्तित्वको आधारमा नचल्ने हो भने संघीयता नागरिकको लागी बोझ मात्र बन्न सक्ने देखिन्छ ।

**नागरिकको अपेक्षा र आशा लाग्दो अवस्थाः**

संवैधानिक परिकल्पनाले नै नजिकको सरकारको रूपमा स्थानीय तहलाई मानेको छ । सोहीअनुसार हिजोका शासकीय संरचना भत्काउँदै स्थानीय तहमा विभिन्न विषयगत कार्यालयका शाखाहरू (शक्षा, स्वास्थ्य, महिला बालबालिका, कृषि, पशु) हस्तान्तरण भई नागरिकको घर नजिकैको कार्यालयबाट सेवा प्रवाहको काम भएको छ । नागरिकलाई आधारभूत सेवा स्थानीय वडा र पालिकाबाट नै वितरण हुनेगरी संरचना तयार भएका छन् ।

जनप्रतिनिधि आफ्ना नजिकका गुनासो सुन्ने र सहयोग गर्ने व्यक्तिहरू हुन् भन्ने आम नागरिकमा बुझाइ छ र स्थानीय वडा र पालिकाबाट बिनाझन्झट छिटोछरितो सेवा प्रवाह प्राप्त भएको महसुस गर्न चाहन्छन् । आफ्ना दैनिक जीवनका विविध कार्यमा आउने समस्यासमेत वडाध्यक्षले समाधान गरिदिन सहयोग गर्छ भन्ने बुझाइ छ भने नागरिकता निर्माणमा आउने समस्या, व्यक्तिगत घटनाका समस्या, स्थानीय मुद्दा मिलापलगायत विविध किसिमका समस्या समाधानका विषयमा समेत जनप्रतिनिधिप्रति सहयोगको अपेक्षा राख्छन् । त्यस्तै, विकास निर्माणमा क्षेत्रमा त झनै चासो र अपेक्षा राख्छन् । प्रदेश सरकार र संघीय सरकारमार्फत सञ्चालन हुने हरेक आयोजना र कार्यक्रमका सन्दर्भमा आउने समस्या र आयोजना एवं कार्यक्रम माग गर्ने सन्दर्भमा समेत जनप्रतिनिधिप्रति उच्च अपेक्षा राख्ने गरेको पाइन्छ । संघीय र प्रदेश सरकारबाट स्वीकृत भएको आयोजनाको कार्यमा निर्माण व्यवसायीले तोकिएको समयमा कार्यसम्पादन नगर्दा स्थानीय जनप्रतिनिधिलाई दबाब दिने, डेलिगेसन जाने एवं गालीगलौज गर्ने कार्य भएका छन् किनकि सबैभन्दा नजिकको जिम्मेवार व्यक्ति नै उनीहरूले स्थानीय जनप्रतिनिधि देख्छन् ।

यस्तै, स्थानीय नेतृत्व आएपछि हालसम्म आइपुग्दा केही अपवादका विषयबाहेक आशा लाग्दो अवस्था नै देखिन्छ । संविधानले परिकल्पना गरेअनुसार स्थानीय सरकारको बढी समय सरकारको रूपमा आफूलाई नागरिकसामु हैसियत स्थापित गर्न नै लागेको छ । नागरिकका अधिकांश सिफारिसहरू वडा तहबाट सम्पादन हुने गरेका छन् । विकासका ठूलो बजेट वडा स्तरबाट परिचालित हुँदा स्थानीय उपभोक्ता समितिहरूको नाममा वडावासी परिचालित भएका छन् भने स्थानीय स्रोत, साधन र सीपको प्रयोगमा बढोत्तरी भएको छ ।

त्यस्तै, जनप्रतिनिधि र कर्मचारीबीचको सम्बन्ध सुमधुर भएको छ । सुरुका दिनमा धेरै स्थानीय तहमा असमझदारी बढेको भए तापनि हालको दिनमा सम्बन्ध प्रगाढ भएको छ । त्यस्तै, संविधानको अनुसूची ८ मा उल्लेख भएअनुसार स्थानीय तहको अधिकार क्षेत्रभित्रका विषयमा धमाधम कानुनहरू निर्माण भएका छन् । कर्मचारी व्यवस्थापनको कार्य केही हदसम्म भए पनि सुल्झिएको छ तर पर्याप्त छैन । स्थानीय तहमा मुख्य गरेर कृषि, पशु, स्वास्थ्य, शिक्षा र महिला बालबालिका शाखा हस्तान्तरण भएका छन् जसबाट लाखौं नागरिकले आधारभूत सेवा सहज रूपमा प्राप्त गरेका छन् । संघीय सरकार र प्रदेश सरकारले स्थानीय तहको मागको आधारमा समपूरक र विशेष अनुदान प्रदान गर्ने परम्परा बसेको छ, जसबाट आयोजना सञ्चालनमा एकरूपता कामय भएको छ । नागरिक स्तरमा खबरदारी गर्ने क्रम बढको छ । कतिपय स्थानीय तहमा आफ्नै पूर्वाधार ल्याबसमेत स्थापना भएका छन्, जसबाट विकासका कार्यमा गुणस्तर कायम गर्ने कुरामा स्थानीय तह मजबुत रूपमा लागेको देखिन्छ ।

**निष्कर्ष:**

स्थानीय तह सञ्चालन भएको तीन वर्ष पूरा भएको छ । संविधानले परिकल्पना गरेको सहकारिता समन्वय र सहअस्तित्वका आधारमा चल्नेगरी परिकल्पना भए तापनि स्थानीय तहसँग सरोकार राख्ने संघीय इकाइसँगको सम्पर्क गर्ने निकायको सम्पर्क र समन्वयको स्तर फितलो हुँदा आशातीत रूपमा स्थानीय तहका गुनासाहरू सम्बोधन हुन सकेको छैन । नागरिकको अपेक्षा चुलिँदो छ भने जनप्रतिनिधिको अपेक्षासमेत महत्वकांक्षी छ । यी सबै कुराको तालमेल मिलाएर सबल र सक्षम स्थानीय तह निर्माण गर्नुपर्ने आजको आवश्यकता छ । विशेष गरी प्रादेशिक कार्यक्रम र आयोजना सञ्चालनमा अझै पनि समन्वय हुन जरुरी देखिन्छ । संघ, प्रदेश र स्थानीय तहले सञ्चालन गर्ने आयोजनाको बजेट सीमा तोक्ने मापदण्ड बनाई कडाइका साथ लागू गर्नुपर्ने देखिन्छ । स्थानीय तहलाई मर्मअनुरूप नै सबल बनाउने हो भने अझै बजेटको आकारलाई बढाउनुपर्ने देखिन्छ भने स्थानीय तहमा कार्यरत कर्मचारी सञ्चालन गर्ने स्थानीय सेवा सञ्चालन कानुन तत्काल निर्माण गर्न आवश्यक छ ।

सबै स्थानीय तहको ओ एन्ड एम सर्भे गरी दरबन्दीमा पुनरावलोक गर्नसमेत जरुरी छ भने तराईका अधिकांश गाउँपालिकाहरूमा प्रमुख प्रशासकीय अधिकृतको दरबन्दीलाई स्तरवृद्धि गरी राप द्वितीय स्तरमा लैजान जरुरी छ । संघीय सरकारका जिल्लास्तरमा रहेका विगतका प्रायः सबै कार्यालय खारेज भएको, साविकाको जिल्ला विकास समितिसमेत नरहेको हुँदा अब स्थानीय नागरिकको सबै प्रकारको आशा र भरोसाको केन्द्र नै स्थानीय तह भएकाले यसको सुदृढीकरण, सबलीकरण र क्षमता वृद्धि गरी सबै नागरिकको सबैभन्दा नजिकको स्थानीय सरकारको रूपमा स्थापित गर्नका लागि संघ र प्रदेश दुवै सरकार लागिपर्नुपर्ने आजको आवश्यकता देखिन्छ तब मात्र संघीय शासन पद्धतिको मजबुती हुने कुरामा ढुक्क हुन सकिन्छ । (श्रेष्ठ, कमल गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत हुनुहुन्छ ।)

**श्रोत Mhttps://rajdhanidaily.com/**

# कोभिड १९ बाट बच्न घरको सरसफाई कसरी गर्ने ?

कोभिड १९ को भाइरसको बारेमा अनुसन्धान भइरहेको समयमा, हामीलाई यो भाइरस व्यक्तिको श्वासप्रश्वासको छिटासँगको प्रत्यक्ष सम्पर्कको माध्यमबाट (खोकी र हाँच्छ्युमार्फत) र भाइरसले दुषित गरेको सतहहरूबाट संक्रमण हुन्छ भनेर थाहा छ । यो भाइरस विभिन्न सतहमा सतहअनुसार केही घण्टादेखि केही दिनसम्म बाँच्न सक्दछ । राम्रो खबर के छ भने यसलाई साधारण किटाणुनाशकले मार्न सक्दछ । अब यसको अर्थ घरको लागि के हो त ? अभिभावकहरूलाई सहयोगी हात दिनका लागि, हामीले कोभिड १९ को बारेमा थाहा भएको हालसम्मको विशेषज्ञ जानकारी र घरबाट पर राख्नका लागि सुझावहरू संकलित गरेका छौं ।

**व्यक्तिगत सरसफाई**

साधारण स्वच्छताका उपायहरूले परिवारको र अन्य सबैको स्वास्थ्यलाई बचाउन मद्दत गर्दछ :

**आफ्नो अनुहार नछुने**

आफ्नो आँखा, नाक र मुख छुनबाट जोगिने

**आफ्नो हातमा खोकी र हाँच्छ्यु नगर्ने**

खोकी वा हाँच्छ्यु गर्दा आफनो नाक र मुख नरम कागज वा कुहिनोले छोप्ने, प्रयोग गरिएको कागजलाई तुरुन्तै सुरक्षित स्थानमा फाल्ने

**दुरी कायम गर्ने**

खोकी वा हाँच्छ्यु गरिरहेको व्यक्तिबाट कम्तीमा १ मिटर (३ फिट) को दुरी कायम गर्ने

**आफ्नो हात धुने, धुने अनि धुने**

हो, तपाईंले यो जतातते सुन्दै हुनुहुन्छ किनकि यो रक्षाको सबैभन्दा राम्रो पंक्ति हो। कम्तीमा २० देखि ३० सेकेण्डसम्म साबुन पानीले बारम्बार हात धुने । तपाईंका बालबालिकासँग समय बिताउने सजिलो तरिका भनेको दुई पटक जन्मदिनको गीत पुरै गाउने हो । नाक सफा गरेपछि, कागजमा हाँच्छ्यु गरेपछि, शौचालय प्रयोग गरेपछि, घरबाट बाहिर जाँदा वा घरभित्र आउँदा, खाना तयार गर्दा वा खानु अगाडि, मेकअप लगाउनुभन्दा पहिले, कन्टयाक्ट लेन्स प्रयोग गर्दा हात धोएर मात्र गर्नुहोस् ।

यदि ह्याण्ड सेनिटाइजर प्रयोग गर्दै हुनुहुन्छ भने, कम्तीमा ६० प्रतिशत अल्कोहल भएको र हातको सबै भागहरूमा प्रयोग गरेको सुनिश्चित गरि, हात सुख्खा नभएसम्म २० देखि ३० सेकेण्ड सम्म हातमा राम्ररी लगाउनुहोस् । यदि हात फोहर देखिएमा सिधै साबुन पानीले हात धुनुहोस् । के तपाईंलाई थाहा छ ? जबसम्म तपाईंले साबुन प्रयोग गरि आफ्ना हातहरू सही तरिकाले धुनुहुन्छ, चिसो पानी र तातो पानी जीवाणु र भाइरसहरू मार्न समान रुपले प्रभावकारी हुन्छन् ।

**घर वरपरको सफाई**

तपाईंको घरमा संक्रमणको जोखिम कम गर्न नियमित रुपमा बारम्बारमा छोइने सतहहरू सफा गर्नु र किटाणरहित बनाउनु एक महत्वपूर्ण सावधानी हो । उत्पादन प्रयोग गर्दा पन्जा लगाउने र हावाको राम्रो आवतजावत भएको सुनिश्चित गर्ने जस्ता सावधानीहरू सहित सुरक्षित र प्रभावकारी प्रयोगका लागि सफाई उत्पादन निर्देशनहरूको पालना गर्नुहोस् ।

**सफा गर्नुपर्ने र किटाणुरहित बनाउनुपर्ने बारम्बार छोइने सतहहरू**

हरेक घर फरक हुन्छन तर ढोकाको ह्यान्डलहरू, टेबलहरू, कुसीहरू, रेलिङ, भान्सा र शौचालयको सतहहरू, धारा, बत्तीको स्विचहरू, मोबाइल फोन, कम्प्युटर, टयाम्बलेट, किबोर्ड, रिमोट कन्ट्रोल, खेल नियन्त्रक तथा मनपर्ने खेलौनाहरू जस्ता सतहहरू सामान्यतयाः उच्च स्पर्श सतहहरूमा समावेश हुन्छन् ।

**सफा र किटाणुरहित बनाउन के प्रयोग गर्ने**

यदि सतह फोहोर छ भने, पहिले त्यसलाई साबुन वा डिटरजेन्ट र पानीले सफा गर्नुहोस् । त्यसपछि अल्कोहल (करीब ७० प्रतिशत) भएको किटाणुनाशक उत्पादन वा ब्लीच प्रयोग गर्नुहोस् । भिनेगार तथा अन्य प्राकृतिक वस्तुहरू सिफारिस गरिदैंन । धेरै ठाउँहरूमा किटाणुनाशक स्प्रे र पुछ्ने कागज भेट्टाउन गाह्रो हुनसक्छ । यस्तो अवस्थामा, निरन्तर साबुन र पानीले सफा गर्नुहोस घरेलु ब्लीचलाई केही हदसम्म पातलो बनाएर प्रयोग गर्न सकिन्छ ।

**कसरी किटाणुरहित गर्ने**

तपाईंले सफा गर्नका लागि प्रयोग गर्ने सामग्रीहरू सतहमा प्रयोग गरिसकेपछि तुरुन्तै सफा गर्नु महत्वपूर्ण छैन। धेरै किटाणुनाशक उत्पादनहरू जस्तै पुछ्ने कागज स्प्रेहरूलाई प्रभावकारी बनाउनका लागि केही मिनेटसम्म सतहमै राख्नुपर्दछ । तपाईहरूले मोबाइल फोन तथा अन्य विद्युतीय उत्पादनजस्ता संवेदनशिल वस्तुहरूलाई हानी हुनबाट जोगाउनका लागि सिफारिस गरिए अनुसारका निर्देशनहरू पढेर प्रयोग गर्नुहोस् । विद्युतीय उपकरणहरूका लागि पुछ्ने कपडा प्रयोग गर्नुहोस् ।

## लुगा धुने

कोभिड १९ भाइरस कपडामा कतिन्जेल बाँच्न सक्छ भन्ने कुरा अहिलेसम्म अस्पष्ट छ, तर धैरै कपडाका वस्तुहरूमा प्लास्टिक र धातु तत्वहरू छन् जसमा यो केही घण्टा देखि धेरै दिनसम्म बाच्न सक्छ ।

सावधानी र सामान्य ज्ञान प्रयोग गर्नुहोस् । घरभित्र प्रवेश गर्दा जुत्ता फुकाल्ने, भिडभाडमा गएर आएपश्चात सफा लुगा लगाउने र साबुन पानीले तुरुन्तै हात धुने जस्ता राम्रो अभ्यासहरू विचार गर्नुहोस् ।

## घरमा लुगा धुने

- तन्ना, रुमाल तथा लुगाहरू नियमित रुपमा सफा गर्ने
- हावाबाट भाइरस फैलाउने सम्भावनालाई कम गर्न फोहोर लुगालाई नहल्लाउने
- उपयुक्त तातो पानी मिलाएर र सुख्खा वस्तु छुट्टै राखेर लुगालाई साबुन वा डिटर्जेन्टले धुनुहोस। यी दुवै तरिकाले भाइरसलाई नष्ट गर्न मद्दत गर्दछ ।
- हात साबुन र पानीले धुनुहोस वा तुरुन्तै अल्कोहल भएको ह्याण्ड रब प्रयोग गर्नुहोस
- धुने लुगा हाल्ने झोला र टोकरीलाई सफा वा किटाणुरहित बनाउनुहोस् । डिस्पोजेबल झोलामा धुने लुगा संकलन गर्ने बारे सोच्नुहोस् ।

## घर बाहिर लुगा धुने

यदि तपाईको घर बाहिर रहेका लुगा धुने स्थानहरूको उपयोग गर्न आवश्यक छ भने, समझदारीका साथ सावधानी अपनाउनुहोस् :

- बाहिर विताउने समय कम गर्न घर छोड्नु अगाडि धुने लुगा तयार गर्ने ।
- मानिसहरू कम हुने समयमा जाने प्रयास गर्ने ।
- अन्य व्यक्तिहरूसंग शारिरिक दुरी कायम गर्ने ।
- सम्भव भए, डिस्पोजेबल पन्जाको प्रयोग गर्ने, आफूले प्रयोग गर्ने सबै उपकरणहरूको सतहलाई किटाणुरहित बनाउने र आफ्नो अनुहार नछुने ।
- भित्र लुगा धुने सुविधा प्रयोग गर्दा, सक्नुहुन्छ भने, लुगा धुन नसकिएसम्म बाहिर नै प्रतिक्षा गर्ने ।
- लुगा घरमा नै पट्याउने ।
- तपाईंको हात साबुन र पानीले धुने वा तुरुन्तै अल्कोहल भएको ह्याण्ड रब प्रयोग गर्ने ।
- धुने लुगा हाल्ने झोला र टोकरीलाई सफा वा किटाणुरहित बनाउने ।
- डिस्पोजेबल झोलामा धुने लुगा संकलन गर्ने बारे सोच्ने ।

- यदि तपाईंको लुगा धुने सुविधाहरूमा पहुँच छैन भने, आफ्नो कपडा घरमा साबुन वा डिटरजेन्ट सक्दो तातो पानीले धुनुहोस् ।

**खाना बनाउने तथा सञ्चालन गर्ने सुझाव**

हालसम्म कोभिड १९ भाइरस खाना वा खानाको प्याकिङ्गबाट व्यक्तिमा संक्रमण हुन्छ भन्ने कुनै प्रमाण छैन, तर भाइरसले दुषित पारेको सतह वा वस्तु छोएर त्यसपछि अनुहार छोएमा व्यक्तिलाई संक्रमण हुने सम्भावना हुन्छ ।

अन्य व्यक्तिहरूसँग बाहिरी खाना किन्दा वा खाना डेलिभरी लिँदा (स्थानीय संक्रमण भएको क्षेत्रबाट डेलिभरी प्राप्त गर्दा) हुने नजिकको सम्पर्कबाट ठूलो खतरा उत्पन्न हुन्छ । सधैं जस्तो, कुनै पनि खानाबाट हुन सक्ने रोगहरूबाट बच्न खानालाई समाउने क्रममा राम्रो स्वच्छता महत्वपूर्ण हुन्छ ।

**खाना प्याकिङ्ग र समाउने सावधानी**

कुनै पनि अनावश्यक प्याकेजिङ्ग हटाउने र विर्को भएको फोहोरको भाँडामा हाल्ने ।

खानालाई प्याकेजिङ्गबाट निकालेर, सफा प्लेटमा राखेर, प्याकेजिङ्गलाई फाल्ने ।

क्यानजस्ता प्याकेजिङ्गहरू खोल्नु वा भण्डारण गर्नुअगाडि किटाणुनाशकले सफा गर्ने ।

प्याकेजिङ्ग नगरिएका उत्पादनहरू जस्तै फल र तरकारीहरूलाई राम्रोसँग धाराको पानीमा धुने ।

हात साबुन र पानीले धुने वा तुरुन्तै अल्कोहल भएको ह्याण्ड रब प्रयोग गर्ने ।

**खानाको स्वच्छता लागि सामान्य सल्लाहहरू**

- कुनै पनि खाना तयार गर्नु अघि कम्तीमा २० सेकेण्डसम्म साबुन र पानीले राम्ररी हात धुने ।
- नपकाएको माछा र मासु काट्नको लागि अलग काट्ने बोर्डको प्रयोग गर्ने ।
- सिफारिस गरिएको तापक्रममा खाना पकाउने ।
- सम्भव भएसम्म, नाश हुन सक्ने वस्तुलाई फ्रिज वा फ्रिजरमा राख्ने र वस्तुको उत्पादनको समाप्ति मितिलाई ध्यान दिने ।
- खानाको फोहोर र प्याकेजिङ्गलाई किराहरूलाई आकर्षित गर्न नसक्ने गरि उचित तथा स्वच्छताको हिसाबले फेरि प्रयोगमा ल्याउन मिल्ने वा नष्ट गर्ने ।
- खाना खानु अगाडि कम्तीमा २० सेकेण्डसम्म साबुन र पानीले राम्ररी हात धुने र बालबालिकाहरूले पनि त्यही गरेको निश्चित गर्ने ।
- सँधै सफा भाँडा र प्लेटहरूको प्रयोग गर्ने ।

**श्रोत : https://www.unicef.org/nepal/ne**

# कोरोना भाईरस भ्रम र यथार्थ




**१. के कोरोना भाइरस (कोभिड-१९) लामखुट्टेको टोकाईबाट सर्छ ?**

हालसम्म कोरोना भाइरस लामखुट्टेको टोकाईबाट सरेको पुष्टि भएको छैन । यो श्वासप्रश्वासबाट सर्ने भाइरस हो। कोरोना भाइरसबाट संक्रमित व्यक्तिले खोक्दा र हाँच्छ्यु गर्दा निस्कने थुक र सिँगानको माध्यमबाट एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्दछ ।

**२. के लसुन खानाले कोरोना भाइरसको संक्रमणबाट बच्न सकिन्छ ?**

हालसम्म लसुन खानाले कोरोना भाइरसको संक्रमण हुनबाट रोकथाम भएको तथ्य प्रमाणित भएको छैन । लसुन स्वास्थ्यको लागि लाभदायक छ र यसले हामीलाई स्वस्थ राख्न मद्दत गर्दछ ।

**३. के तिलको तेलको मालिसले कोरोना भाइरस शरीरमा प्रवेश गर्नबाट रोक्छ ?**

तिलको तेलले मालिस गर्नाले कोरोना भाइरस शरीरमा प्रवेश गर्नबाट रोक्दैन । तिलको तेलले कोरोना भाइरसलाई मार्न सक्दैन । भुई वा सतहमा भएको कोरोना भाइरसलाई निःसंक्रमण गर्न ७० प्रतिशत इथानोल, ०.५ प्रतिशत सोडियम हाइपोक्लोराइटहरू भएको रसायन वा घोलक, प्रयोग गर्नु पर्छ । यी रसायनहरू कहिले पनि मानिसको शरीरमा प्रयोग गर्न हुदैन । यस्ता रसायनहरू छालामा परेमा हानिकारक हुन्छ ।

**४. के पानी पिउनाले घाँटी दुखेको निको हुन्छ, र कोरोना भाइरसको संक्रमणबाट बचाउँछ ?**

स्वस्थ रहन पानी पिउनु अति आवश्यक छ । तर यसले कोरोना भाइरसको संक्रमणबाट बचाउँदैन ।

**५. यो कोरोना भाइरसले वृद्धवृद्धालाई मात्र बढी असर गर्छ कि युवावर्ग पनि यसको जोखिम हुन्छन् ?**

सबै उमेर समूहका मानिसलाई कोरोना भाइरसले संक्रमण गर्न सक्दछ । तर ज्येष्ठ नागरिक र पहिल्यै देखिनै दम, मधुमेह, मुटुको रोग जस्ता स्वास्थ्य समस्या भएका व्यक्तिहरूलाई भने यो भाइरसले गम्भीर बिरामी बनाउने जोखिम हुन्छ । विश्व स्वास्थ्य संगठनले सिफारिस गरे अनुसार यस भाइरसबाट बच्नको लागि बेलाबेलामा साबुन पानीले मिचिमिचि हात धुने वा अल्कोहल भएको स्यानिटाइजरको प्रयोग गनरे, श्वासप्रश्वाससम्बन्धी सरसफाईमा विशेष ध्यान दिने जस्तै खोक्दा, हाँच्छ्यु गर्दा नाक मुख छोप्नु पर्दछ ।

**६. के कोरोना भाइरसबाट बच्न र संक्रमितको उपचारको लागि एन्टिबायोटिकको प्रयोग प्रभावकारी हुन्छ ?**

एन्टिबायोटिकले ब्याक्टेरिया (जिवाणु) विरुद्ध मात्र लड्न सक्ने क्षमता हुने भएकोले एन्टिबायोटिकको प्रयोगले कोरोना भाइरसको संक्रमणबाट बचाउँदैन वा उपचार गर्न सकिदैन।यदि तपाई कोरोना भाइरसको संक्रमणका कारण अस्पतालमा भर्ना हुनुभएको छ भने शरीरमा ब्याक्टेरियाको संक्रमण पनि हुनसक्ने भएकाले तपाईंलाई चिकित्सकले एन्टिबायोटिक दिएको हुन सक्दछ ।

**७. कोरोना भाइरसबाट बच्ने वा उपचार गर्ने कुनै औषधि छ ?**

हालसम्म कोरोना भाइरसबाट बच्न वा उपचारको लागि कुनै औषधि पत्ता लागिसकेको छैन । तर संक्रमितलाई देखिएको लक्षण अनुसारको औषधि उपचार गरी स्याहार गर्नुपर्छ । यस भाइरसबाट संक्रमित गम्भीर बिरामीलाई अस्पतालमा भर्ना गरी लक्षण अनुसारका विशेष उपचार तथा स्याहार गरिन्छ।यसको उपचारको वारेमा धेरै देशहरुमा अध्ययन अनुसन्धान भइरहेको छ भने विश्व स्वास्थ्य संगठनले साझेदारहरुसँगको समन्वयमा यस विषयमा अध्ययन र अनुसन्धानलाई तीव्र रुपले अघि बढाइरहेको छ ।

**८. के हात सुकाउने मेसिन (ह्यान्ड ड्रायर) कोरोना भाइरस मार्नका लागि प्रभावकारी हुन्छ ?**

हात सुकाउने मेसिन (ह्यान्ड ड्रायर) कोरोना भाइरस मार्नका लागि कदापि प्रभावकारी हुन सक्दैन । कोरोना भाइरसको संक्रमणबाट बच्नका लागि बेलाबेलामा साबुन पानीले मिचिमिचि हात धुने वा अल्कोहलयुक्त स्यानिटाइजरको प्रयोग गर्नु नै उत्तम उपाय हो । हात धोइसकेपछि भिजेको हात सुकाउनका लागि कागजी रुमाल वा हात सुकाउने ड्रायरको प्रयोग गर्न सकिन्छ । तर सबैजनाले एउटै रुमाल प्रयोग गर्नु हुँदैन ।

**९. के चीनबाट आएको चिठी पत्र वा कुनैपनि सामान लिनु सुरक्षित हुन्छ ?**

चीनबाट आएको सामान वा चिठिपत्रबाट कोरोना भाइरस सर्ने जोखिम हुँदैन । किनकि कोरोना भाइरस वस्तुहरू जस्तै चिठी वा बाकसहरुमा लामो समय बाँच्दैनन् भन्ने पुष्टि भइसकेको छ ।

**१०. के युभि किरण (अल्टा भ्वाइलेट प्रकाश)ले कोरोना भाइरस मार्न सक्छ ?**

यस्ता युभि किरणले कोरोना भाइरसलाई मार्न सक्दैन । तर यस्ता विकिरणले हात वा शरीरका अन्य अंगहरुमा एलर्जी गराउन सक्छ ।

**११. विमानस्थलमा राखिएको थर्मल स्क्यानरबाट कोरोना भाइरस संक्रमित भए वा नभएको थाहा पाउन कत्तिको प्रभावकारी हुन्छ ?**

थर्मल स्क्यानरले कुनैपनि व्यक्तिलाई ज्वरो (शरीरको तापक्रम सामान्यभन्दा बढी) आए वा नआएका थाहा पाउन मद्दत गर्दछ । कोरोना भाइरसको संक्रमणका लक्षण देखिन २ देखि १४ दिन लाग्ने भएकोले यदि कोही व्यक्तिलाई यसको संक्रमण भइसकेको तर ज्वरो नदेखिएको अवस्थामा यो थर्मल स्क्यानरले पत्ता लगाउन सक्दैन ।

**१२. के पुरै शरीरमा अल्कोहल वा क्लोरिन लगाएमा वा छरेमा कोरोना भाइरस मर्छ ?**

शरीरभित्र कोरोना भाइरस प्रवेश गरिसकेपछि अल्कोहल वा क्लोरिन पुरै शरीरमा लगाउँदा वा छर्कदा यो भाइरस मर्दैन। बरु यसरी छर्कनाले तपाईको लुगा वा शरीरमा रहेका स -साना छिद्रहरुका साथै आँखा, मुख, नाक आदिमा हानी पुग्न सक्दछ । याद राख्नुहोस्, सहि मात्रामा प्रयोग गरिएको खण्डमा अल्कोहल र क्लोरिनले भुइँ वा सतहलाई निःसंक्रमण गर्न मद्दत गर्दछ ।

**१३. के घरपालुवा जनावरबाट कोरोना भाइरसको संक्रमण हुन वा सर्न सक्छ ?**

हालसम्म घरपालुवा जनावर जस्तै कुकुर, बिरालोआदि कोरोना भाइरसबाट संक्रमित भएको पुष्टि भएको छैन। तर घरमा पालिएका जनावरलाई छोए पश्चात सधैं साबुन पानीले मिचिमिचि हात धुनुपर्छ। यसरी साबुनपानीले हात धोएमा घरपालुवा जनावरबाट मानिसमा सर्न सक्ने 'इकोली' र 'साल्मोनेल्ला' जस्ता विभिन्न जीवाणुका संक्रमणबाट सुरक्षित हुन्छ।

**१४. के निमोनिया विरुद्धको खोपले हामीलाई कोरोना भाइरसको संक्रमणबाट बचाउँछ ?**

निमोनिया विरुद्धका खोपहरू जस्तै 'न्युमोकोकल भ्याक्सिन' र 'हेमोफिलस इन्फ्लुएन्जा' टाइप बी भ्याक्सिनले कोरोना भाइरसबाट जोगाउन सक्दैन । यो नयाँ र फरक किसिमको भाइरस भएकोले यसको लागि छुटै प्रकारको खोप चाहिन्छ । कोरोना भाइरस विरुद्धको खोपको विकासका लागि अनुसन्धान भइरहेको छ तर अहिलेसम्म पत्ता लागिसकेको छैन । निमोनिया विरुद्धका खोपहरू कोरोना भाइरस रोकथाम गर्नका लागि उपयोगी नभए तापनि श्वासप्रश्वासको समस्याबाट बच्न यी खोपहरू स्वास्थ्यका लागि लगाउन सिफारिस गरिन्छ ।

**१५. के नियमित सलाईन पानीले नाक सफा गर्नाले कोरोना भाइरसको संक्रमणबाट बच्न सकिन्छ ?**

हालसम्म सलाईन पानीले नियमित नाक सफा गर्नाले कोरोना भाइरसको संक्रमणबाट बच्न सकिन प्रमाण फेला परेको छैन । सलाईन पानीले नियमित नाक सफा गर्नाले रुघा चाँडो निको भएको केही तथ्यहरू भने छन् ।

**१६. के माउथवासले मुख कुल्ला गर्नाले कोरोना भाइरसको संक्रमणबाट बच्न सकिन्छ ?**

माउथवासको प्रयोगले कोरोना भाइरसको संक्रमणबाट बच्न सकिने कुनैपनि प्रमाण हालसम्म फेला परेको छैन । केही कम्पनीका माउथवासहरुको प्रयोगले मुखभित्र र्‍यालमा रहेका केही भाइरसहरुलाई केही समयका लागि निर्मुल गर्ने भएता पनि यसले कोरोना भाइरसको संक्रमणबाट भने सुरक्षित गर्न सक्दैन ।

**१७. के कोरोना भाइरस गर्मी मौसममा वा आद्रता भएको तापक्रममा बाँच्न सक्छ ?**

कोरोना भाइरस गर्मी वा जाडो र आद्रता वा सुख्खा तापक्रम भएका सबै ठाउँहरुमा फैलिसकेको छ । गर्मी वा जाडो जहाँ बस्ने भएपनि सावधानी अपनाउनुपर्छ । यसबाट बच्नका लागि बेलाबेलामा साबुन पानीले मिचिमिचि हात धुनु पर्छ।खोक्दा वा हाँच्छ्यु गर्दा नाक र मुख हात वा टिस्यु वा कुहिनाले छोप्ने गनुपर्छ । प्रयोग गरेको टिस्यु तुरुन्त फोहर र्‍याल्ने ठाँउमा र्‍याल्ने र साबुन पानीले हात धुनु पर्छ ।

**१८. के रक्सी पिउनाले कोरोना भाइरसको संक्रमण हुँदैन ?**

रक्सीले कोरोना भाइरसको संक्रमणबाट बचाउँदैन ।

**१९. भुइँ वा सतहहरुलाई निःसक्रमण कसरी गर्न सकिन्छ ?**

भुइँ वा सतह फोहर छ भने पहिला साबुन वा सर्फ पानीले भुइँलाई राम्ररी सफा गर्ने । बजारमा पाइने घरेलु निःसंक्रमणमा प्रयोग हुने क्लोरिनयुक्त रसायन वा घोलकले ब्याक्टेरिया र भाइरसलाई मार्दछ । यस्ता रसायन वा घोलकहरु प्रयोग गर्दा सधैं पञ्जा लगाउनुपर्छ। खाली हातले कहिलेपनि प्रयोग गर्नु हुँदैन ।

**२०. धुम्रपान वा चुरोटले कोरोना भाइरसलाई असर गर्छ ?**

धुम्रपान वा चुरोटले कोरोना भाइरसको संक्रमणबाट बचाउँदैन। धुम्रपान स्वास्थ्यका लागि हानिकारक हुन्छ । विश्वमा वर्षेनी करिब ८० लाख मानिसहरू धुम्रपानका कारण अकाल मर्दछन्। मुटु लगायत विभिन्न स्वास्थ्य समस्या भएका व्यक्तिहरुमा धुम्रपानका कारणले थप जटिलता हुने भएकोले उनीहरुमा कोरोना भाइरसको जोखिम अझ बढी हुन्छ ।

**२१. पसलमा स्यानिटाइजर नपाएमा के गर्न सकिन्छ ?**

स्यानिटाइजर नभएमा पनि केही हुँदैन । बेलाबेलामा साबुन पानीले मिचिमिच हात धोएमा कोरोना भाइरसको जोखिम कम हुन्छ । हात धुँदा औंलाको बीचमा, हातको अगाडि र पछाडि र नङलाई पनि राम्ररी धुनुपर्छ ।

**२२. के दिसाबाट कोरोना भाइरस सर्छ ?**

अन्य कोरोना भाइरस जस्तै यो नयाँ कोरोना भाइरस २०१९ दिसामा पनि पाइन्छ । यसबाट संक्रमित व्यक्तिले खोक्दा र हाँच्छ्यु गर्दा नाक र मुखबाट निस्कने छिटाहरुबाट एक व्यक्तिबाट अर्कोमा सर्दछ । त्यसैले यसको संक्रमणबाट बच्न बेलाबेलामा साबुन पानीले हात धुने वा

अल्कोहल भएको स्यानिटाइजर प्रयोग गर्ने, खोक्दा र हाँच्छयु गर्दा नाक र मुख हात वा टिस्यु वा कुहिनाले छोप्ने, प्रयोग गरेको टिस्यु तुरुन्त फोहर फ्याल्ने ठाँउमा फ्याल्ने र साबुन पानीले हात धुने, र रुघाखोकी लागेको व्यक्तिबाट टाढा बस्ने ।

**२३. नाली वा ढलबाट आउने हावा, गन्धबाट पनि कोरोना भाइरस हुनसक्छ ?**

ढल वा नालीबाट आउने हावा, गन्धमा श्वास फेर्दा कोरोना भाइरस संक्रमण भएको तथ्य हालसम्म पाइएको छैन। हालसम्मको तथ्य अनुसार कोरोना भाइरस संक्रमित व्यक्तिले खोक्दा र हाँच्छय गर्दा नाक र मुखबाट निस्कने छिटाहरु र संक्रमित व्यक्तिसँगको नजिकको सम्पर्कबाट एक व्यक्तिबाट अर्कोमा सर्दछ ।

**२४. के बोझ्रो, लसुन वा बेसार खानाले कोरोना भाइरसको संक्रमणबाट बच्न सकिन्छ ?**

लसुन, बोझ्रो र बेसार खानु स्वास्थ्यको लागि लाभदायक हो, यसले हामीलाई स्वस्थ राख्न मद्दत पनि गर्दछ । तर हालसम्म लसुन वा बोझ्रो वा बेसारको प्रयोगले कोरोना भाइरसको संक्रमणबाट सुरक्षित भएको तथ्य फेला परेको छैन ।

**२५. भाइरस हावामा नभई जमिनमा हुन्छ, त्यसैले यो हावाबाट सर्दैन ?**

अध्ययनहरूले देखाए अनुसार कोभिड -१९ संक्रमित व्यक्तिले खोक्दा र हाछयुँ गर्दा नाक र मुखबाट निसक्ने छिटाहरू सास लिदा सर्न सक्छ त्यसैले संक्रमित व्यक्तिबाट कम्तिमा एक मिटरको दुरी कायम गर्न महत्त्वपूर्ण हुन्छ । यसरी निस्कने छिटाहरू वस्तुमा, सतहमा र व्यक्तिको वरिपरि पनि हुन्छन् । यी वस्तुहरू वा सतहहरू छोए पछि आँखा, नाक वा मुख छोए भाइरसले संक्रमण गर्न सक्दछ ।

**२६. भाइरस कपडामा खस्दा ८ घण्टासम्म सहन्छ त्यसैले लुगा धोएर २ घण्टासम्म घाममा सुकाउँदा भाइरस मर्छ ?**

अध्ययनहरूले देखाए अनुसार (कोभिड १९ माथ भएका प्रारम्भिक अध्ययन लगायत) कोरोनाभाइरस केही घण्टा देखि कैयौं दिन सम्म बाँच्न सक्छन् (जस्तै सतहको प्रकार, तापक्रम वा वातावरणीय आद्रता)। तर सुर्यको प्रकाशमा नयाँ कोरोनाभाइरस मर्छन् भन्ने कुनै प्रमाण छैन ।

**२७. कोरोनाभाइरसका लागि मास्क आवश्यक छैन र आफ्ना हात साबुन र पानीले धुनु मात्र पर्याप्त छ ?**

मास्क लगाउनाले खोक्दा वा हाछयुंबाट सर्ने कोभिड १९ को संक्रमणलाई सिमित गर्न मद्दत पुग्छ । तर मास्क मात्रले संक्रमभ रोकिने सुनिश्चित हुँदैन । यसको साथै हात धुने र श्वासप्रश्वास सम्बन्धी स्वास्थ्यको ख्याल राख्ने तथा आफु र संक्रमित व्यक्तिहरूसित कम्तिमा एक मिटरको दुरी कायम राख्ने । मास्क ओसिलो हुने बित्तिकै नयाँ फेर्नु पर्छ र प्रयोग गरिसकेकोलाई उपयुक्त ढंगले फोहोर फाल्ने बन्द भाँडोमा बिसर्जन गर्ने र एकपल्ट मात्र प्रयोग गर्न बनेको मास्क पुनः प्रयोग नगर्ने ।

**२८. उच्च ज्वरो आएको बेला सिरकले आफुलाई ढाकेर र अदुवाको सुप सेवन गरेर कोभिड-१९ बाट जोगिन सकिन्छ ?**

उच्च ज्वरो आएको बेला सिरकले आफुलाई ढाकेर र अदुवाको सुप सेवन गरेर कोभिड(१९ बाट जोगिन सकिन्छ भन्ने कुराको कुनै वैज्ञानिक प्रमाण छैन। यद्यपि, आमरूपमा विश्व स्वास्थ्य संगठनले आवश्यक मात्रामा फलफूल तथा तरकारी सेवनलाई स्वस्थ भोजनको रूपमा सिफारिस गर्दछ ।

**२९. नखोकीकन, असहज वा थिचे जस्तो महसुस नगरिकन १० मिनट भन्दा बढी श्वास रोक्न सक्ने क्षमता देखिए कसैमा कोरोनाको संक्रमण छ वा छैन भन्ने निर्धारण गर्न सकिन्छ ?**

सकिन्दैन । अध्ययनहरूले देखाए अनुसार यो कुराको कुनै प्रमाण छैन ।

**३०. कोरोनाभाइरस कुखुरामा पाइन्छ ?**

कोरोनाभाइरसहरू जनावरहरूमा आम रूपमा पाइने भाइरसको ठूलो परिवार अन्तर्गत पर्छन । कहिले काहिँ मानिसहरू तिनिहरूबाट संक्रमित हुन्छन जुन अरू मानिसहरूमा सर्न सक्छ । तर कोरोनाभाइरसको श्रोत कुन जनावर हो भन्ने अझै पुष्टि भईसकेको छैन । यद्यपि, पशुबजार जस्ता ठाउँमा जाँदा आफुलाई सुरक्षित राखनका लागि पशुहरूसँग प्रत्यक्ष सम्पर्क तथा पशुहरूको सम्पर्कमा भएका सतहहरूबाट अलग बस्नुपर्छ । हरेक बखत खानेकुराहरूको सुरक्षा विधि र व्यवस्थापनमा ध्यान दिनुहोस् ।

**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,**
**विश्व स्वास्थ्य संगठन,**
**युनिसेफ नेपाल**

**श्रोत Mhttps://www.unicef.org/nepal/ne**

**रसायनिक विषादीको प्रयोग घटाऔं,**
**अर्ग्यानिक उत्पादनमा जोड दिऔं ।**










१. बाल अधिकार सम्बन्धी आयोजित कार्यक्रममा सहभागीहरू ।
२. जिल्ला विपद् व्यवस्थापन समितिको बैठकमा अध्यक्ष मेनुका काफ्ले ।
३. गाउँपालिकाको समीक्षा गोष्ठी ।
४. निजामती सेवा दिवसको अवसरमा आयोजित वृक्षारोपण कार्यक्रम ।




कमल
गाउँपालिकाबाट
भएका विभिन्न
गतिविधिहरू